राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानबर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३१, अङ्क– २०, मङ्सिर २६ गते शुक्रबार, २०८२ (12 December, 2025) | www.janajibro.com | मूल्य रू. १०।-

# ‘गोबरले टाँसेको सरकार र सम्झौता कलाविहीन नाटक’

## सरकार–‘जेन–जी’ सम्झौता एमालेद्वारा अस्वीकार, संविधानबाहिरका विकल्प अमान्य

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले सुशीला कार्की नेतृत्वको सरकारले ‘जेन-जी’ युवाहरूसँग गरेको सम्झौतालाई कलाविहीन र भद्दा नाकट मात्रै भएको बताएका छन् ।

कसैले गोबरले टाँसेर बनेको वर्तमान सरकारले कुनै पनि प्रणाली र व्यवस्थाका बारेमा सम्झौता गर्ने अधिकार नभएको टिप्पणी गर्दै अध्यक्ष ओलीले त्यस्तो सरकारले गरेको सम्झौता च्यातिएर अस्वीकृत भएको दावी गरेका हुन् । यो सरकारले यस्ता सम्झौता गर्ने अधिकार पनि नभएको र त्यसलाई आफ्नो दलले स्वीकार नगर्ने ठोकुवा गरे । ‘हिजो एउटा कलाविहीन नाटक भयो । त्यसमा धेरै भन्नुपर्छ र ? यो सरकारले कुनै पनि प्रणाली र व्यवस्थाका बारेमा सम्झौता गर्ने म्याण्डेट कहाँबाट पायो ? गोबर टाँसेको सरकारले कलाविहीन नाटक गर्यो नि । त्यहीँ अस्वीकार भयो नि । त्यहीँ च्यातिदियो नि’ उनको भनाइ थियो ‘त्यसकारण त्यो कलाबिहीन भद्दा नाटक हो ।’ संसद पुनर्स्थापनाको विकल्प नभएको जिकिर गर्दै अध्यक्ष ओलीले वर्तमान सरकारले निर्वाचन गराउन नसक्ने विश्लेषण गरे । संसद पुनर्स्थापन नै अन्तिम विकल्प भएको दोहोर्‍याउँदै उनले निर्वाचन आयोगमा १४३ दल दर्ता हुनुलाई उनले तमासाको संज्ञा दिए ।



संघीय राजधानी काठमाडौंमा केही सम्पादकहरूसँग बिहीबार संवाद गर्दै अध्यक्ष ओलीले यस्ता दलहरू लोकतन्त्रका लागि नचाहिने तर्क गरे । संवादका क्रममा सकेसम्म सहमतिबाटै नेतृत्व चयन गरिने भन्दै उनले सहमति हुन नसके करकाप नगरिने ठोकुवा गरे । सहमति नभए स्वच्छ प्रतिष्पर्धाबाट एमालेको नेतृत्व चयन हुने ठोकुवा गर्दै उनले प्रतिनिधिहरूले विश्वास गरे भने आफ्नो पार्टी अध्यक्ष पद निरन्तर हुने समेत सुनाए ।

क्रमशः अन्तिम पृष्ठमा

# भ्रष्टाचारविरुद्धको अभियान निरन्तरको संघर्ष : प्रचण्ड

**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल ‘प्रचण्ड’ले भ्रष्टाचारविरुद्धको लडाइँ एक दिनको अभियान नभई निरन्तरको संघर्ष भएको उल्लेख गरेका छन् । भ्रष्टाचार विरुद्धको २२ औं अन्तर्राष्ट्रिय दिवसका अवसरमा सुशासनका पक्षधर सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूलाई शुभकामना दिँदै संयोजक दाहालले भ्रष्टाचार अन्त्यका लागि राजनीतिक नेतृत्वको इमानदार प्रतिबद्धता, संस्थागत सुदृढीकरण र जनताको सचेत सहभागिता अपरिहार्य रहेको उल्लेख गरेका हुन् ।

संयुक्त राष्ट्रसंघको भ्रष्टाचारविरुद्धको महासन्धि सन् २००३ मा पारित भएपछि हरेक वर्ष डिसेम्बर ९ मा यो दिवस मनाउने गरिन्छ । नेपालले सन् २०११ मा यो महासन्धिलाई अनुमोदन गरी सुशासन र पारदर्शिताप्रति आफ्नो प्रतिबद्धता जनाएको थियो । ‘म प्रधानमन्त्री भएको कार्यकालमा हामीले सुशासनलाई राज्य सञ्चालनको मूल मन्त्र बनायौं’ उनको भनाइ थियो ‘सुशासनकै पक्षमा दृढतापूर्वक कदम चालेकै कारण दलाल, विचौलिया र भ्रष्ट तत्वहरूको स्वार्थमा आघात पुग्यो र हाम्रो पार्टी नेतृत्वको सरकार ढाल्ने षड्यन्त्र सफल भएको विदितै छ ।’ विनाकुनै राजनीतिक आग्रह र पूर्वाग्रह, भूटानी शरणार्थी प्रकरणलगायत ठूलाठूला भ्रष्टाचार काण्डहरूको छानबिन अघि बढाइएको पनि उनले बताए ।

‘यसका साथै प्रशासनिक सुधार, सार्वजनिक खरिदमा पारदर्शिता, दण्डहीनताको अन्त्य, सम्पत्ति शुद्धीकरणमा कडाइ र नागरिकको सक्रिय निगरानीका महत्वपूर्ण कदम चालिए, हालसम्मका सबै चर्चामा रहेका काण्ड तथा २०४६ यता उच्चपदस्थ सबैको सम्पत्ति छानबिनको माग मैले संसदको ‘रोष्टम’बाटै समेत गरेको थिएँ र आज यो दिवसका अवसरमा त्यही मागलाई फेरि सशक्त रूपमा दोहोर्‍याउँछु’ संयोजक दाहालको भनाइ थियो ।

**मानवअधिकारको पूर्ण कार्यान्वयन अपरिहार्य**

यसैबीच, अर्को एक सन्दर्भमा बोल्दै संयोजक प्रचण्डले समावेशी लोकतन्त्र, सामाजिक न्याय र मानव अधिकारको पूर्ण कार्यान्वयनलाई सबैको साझा संकल्प बनाउनु आजको अपरिहार्य आवश्यकता भएको बताए । ७७ औं विश्वमानव अधिकार दिवसका अवसरमा शुभकामना दिँदै संयोजक दाहालले सामाजिक न्यायविना कुनै पनि समाज सभ्य, समृद्ध र साँच्चै लोकतान्त्रिक बन्न नसक्ने पनि उल्लेख गरेका हुन् ।

‘द्वन्द्वकालका पीडितहरूले न्याय, सत्यको खोजी र परिपूरण पाउनु मानव अधिकारको अविभाज्य विषय हो । संक्रमणकालीन न्यायलाई चाँडोभन्दा चाँडो टुंगोमा

क्रमशः अन्तिम पृष्ठमा

# संसदीय असफलता र जनमतसङ्ग्रह

समय- सन्देश
डा. केशव देवकोटा

संसारमा जहाँ पनि संसदीय राजनीति असफल भएको अवस्थामा क्रान्तिकारीहरूले सत्ता कब्जा गर्न सकेनन् भने त्यसले निरङ्कुशताको बाटो लिने गरेका अनेक उदाहारणहरू रहेका छन् । नेपालमा हाल जुन सङ्कटको अवस्था सिर्जना भएको छ, त्यसलाई भदौ २३ र २४ गते भएको रहस्यपूर्ण विध्वङ्शसँग वा कुनै पार्टी नेतृत्वको सरकारसँग जोड्ने गरिए पनि त्यो खासमा विद्यमान राजनीतिक व्यवस्थासँग सम्बन्धित कुरा हो । ०७२ मा जारी गरिएको संविधान सुरुमै अधुरो र अपुरो भनिएको थियो । घोषणा भएको चार महिनामै पहिलो संशोधन गरिएको थियो । त्यसैगरी, घोषणा भएको १० वर्षसम्ममा पनि पूर्णतः कार्यान्वयन हुन नसकेको भनिएको थियो । त्यो भनेको संविधानको असफलता हो । त्यसैले सोही संविधानले स्थापना गरेको राजनीतिक व्यवस्था असफल हुनु कुनै आश्चर्यको विषय होइन । गत भदौमा विध्वङ्शको सबै क्षेत्र र पक्षबाट तीव्र निन्दा हुनुपर्नेमा कतिपय पक्षले सराहना गरेको जुन देखिएको छ, त्यो आफैंमा थप खतराको कुरा हो । हाल आएर कतिपय पक्षबाट आगामी फागुन २१ को निर्वाचन नभएर जनमतसङ्ग्रह हुनुपर्ने जुन कुरा उठेको छ, त्यो नेपालका बामपन्थी र देशभक्त शक्तिका लागि बिचारणिय पक्ष भएको छ ।

गत भदौ २३ गते काठमाडौंको माइतीघर मण्डलाबाट नयाँ बानेश्वरसम्म प्रदर्शनगर्नका लागि कुनै समूहले जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट स्वीकृति लिएको भनिएको थियो । तर त्यो आन्दोलनको नेतृत्वकर्ताका

क्रमशः दोस्रो पृष्ठमा

> विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फइको मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- ३१, अङ्क- २०, मङ्सिर २६ गते शुक्रबार, २०८२

## सम्पादकीय

# सरकार–ओली–अगुवा तीनै पक्षको अतिवाद

'जेन-जी' नेताहरू र नेपाल सरकारबीच हालै भएको भनिएको सम्झौताका सन्दर्भमा वर्तमान चुनावी सरकार, मुलुकको हालसम्मको दोस्रो ठूलो दल नेकपा (एमाले), 'जेन-जी' अगुवा भनिएका केही पात्र समेत गरी तीनै पक्षले राष्ट्रविरोधी अतिवाद प्रदर्शन गरेका छन्। यी तीनै पक्षले प्रदर्शन गरिरहेको गैरजिम्मेवारी र अपरिपक्वताले स्वयम् उनीहरूलाई नै गम्भीर क्षति पुऱ्याउने निश्चित छ छँदैछ, साथसाथै नेपाल राष्ट्र र नेपाली जनता समेतलाई गम्भीर हानि पुऱ्याउँछ।

स्वयम् प्रधानमन्त्री मुलुकको प्रधानन्यायाधीश भइसकेकी मान्छे हुन् भने उनको मन्त्रिपरिषदमा समेत दुईजना वरिष्ठ कानुनकर्मी संलग्न छन्। तर, सरकारी पक्षले सोझै संविधानको बर्खिलाप हुने बुँदाहरूसहितको सम्झौतापत्रमा केही 'जेन-जी' का अगुवाहरूसँग हस्ताक्षर गर्नु आपत्तिजनक मात्र होइन, हास्यास्पद समेत छ। त्यस्तै, अराजनीतिक र आपराधिक नै सही, भदौ २३-२४ मा त्यत्रो आतङ्क र उत्पात मच्चाएकाहरूलाई कुनै न कुनै स्वरूपको चिर्कटोमा दस्तखत गराएर विध्वंसको बैठान गर्नुलाई मात्रात्मक रूपले केही हदसम्म स्वीकार्नुपर्ने बाध्यात्मक स्थितिलाई पूर्णतः खारेज गरेर जिम्मेवार राजनीतिक दल एमालेले अर्को अपरिपक्वता र गैरजिम्मेवारी प्रदर्शन गरेको छ। अर्कोतिर, केही 'जेन-जी अगुवा' भनिएका सन्देहास्पद पात्रहरूले सरकार-'जेन-जी' सम्झौता अस्वीकार्य छ भन्दै प्रदर्शन गरेको आपत्तिजनक हर्कत अझ बढ्ता खेदजनक छ। विनाविचार, विनासङ्गठन, भिजन-मिसनविना मच्चाइएको राष्ट्र र जनताविरोधी हर्कतलाई राज्यले तिनको योगदान र औकातभन्दा दसौं गुणा बढी मान्यता दिएर स्वीकार्दा खुसी मानाउनुको सट्टा विरोध जनाउनु हास्यापद र रहस्यमय विषय छ।

अतः कुनै पक्षले पनि अतिवादी हर्कत नगरून्, सवैले आ-आफ्नो औकात बुझी दायित्व निर्वाह गरून्; उपयुक्त, संवैधानिक र निकासपूर्ण पहल गरून्।

## संसदीय असफलता...

बारेमा हालसम्म कुनै सार्बजनिक जानकारी दिइएको छैन। कुनै पनि कामको आयोजक त्यसक्रममा भए/गरेका सबै गतिविधिको जिम्मेवार मानिन्छ। तर त्यसदिन प्रदर्शनको आयोजना गर्नेहरूले आफ्नो नेतृत्वकर्ता व्यक्ति र संस्थाकोसमेत नाम नदिइकन अन्य पक्षको घुसपैठ भएका कारण अप्रिय घटना भएभन्ने प्रचार गराए। तर उनीहरूले भदौ २३ र २४ मा भएको विध्वङ्शको हालसम्म जिम्मेवारी पनि लिएका छैनन्भने बिरोध पनि गरेका छैनन्। जबकि २३ गतेको प्रदर्शनको आयोजना गर्नेहरूले त्यसदिन अपरान्ह र २४ गते भएको विध्वङ्शको छानबिनगरी दोषि ब्यक्ति र समूहमाथि कारवाहीको माग गरेको हुनुपर्ने थियो। सामान्यत नेपाल र बिश्वमै कुनै पनि आन्दोलन र प्रदर्शन गर्नुअघि आफ्ना माग सरोकारवाला सरकारी पक्ष समक्ष औपचारिकरूपमा पेशगरेर केही दिन वा समयको अल्टिमेटम दिने चलन छ। तर २३ गतेको प्रदर्शनका आयोजकहरूले सो प्रक्रिया पनि पूरागरेको देखिएको छैन। कुनै पनि आन्दोलनका आयोजकहरूले आफ्नो आन्दोलन अगाडि बढाउनुकासाथै त्यसको सुरक्षाको पनि प्रबन्ध गरेका हुन्छन्। २३ गतेको आन्दोलनका आयोजकहरूले प्रदर्शन सुरुहुनु अघि नै प्रदर्शनका क्रममा कतैपनि सडक फोहर नगर्ने र बोट बिरुवामा क्षति समेत नपुऱ्याउने भनेर माइकिङनै गरेका थिए। तर सो प्रदर्शन माइतीघरबाट नयाँ बनेश्वर नपुग्दै एकाएक हिंश्रक भएको थियो।

त्यसअघिका आन्दोलनहरूमा काठमाडौं महानगरपालिकाले सडक फोहर गरेकोभन्दे आन्दोलनकारी अथवा कुनै कार्यक्रमका आयोजकहरूलाई पूर्जी काट्ने गरेको देखिएको थियो। तर २३ र २४ को आन्दोलनमाभने उल्टै पानी बाँडेको देखिएको थियो। २३ र २४ मा जुन विध्वङ्श भएको थियो, त्यसको कारण र कारककाबारेमा हालसम्म कुनै औपचारिक अध्ययन भैरहेको छैन। पछिल्ला दिनमा प्रहरीले तोडफोड र आगजनीमा संलग्न रहेकाहरूलाई पक्राउ गरेर कारवाही गरेका समाचारहरू बाहिर आउने गरेका छन्। सामान्यतया प्रहरीले कुनै पनि अपराधमा संलग्न ब्यक्तिहरूलाई पक्राउ गरेपछि पत्रकार सम्मेलन गरेर सार्बजनिक गर्ने चलन हुन्छ। पछिल्ला कतिपय अन्य घटनाका अभियुक्तहरूलाई सार्बजनिक पनि गर्नेगरेको छ। तर भदौ २३ र २४ को विध्वङ्शमा संलग्न रहेको आरोपमा पक्राउ परेका ब्यक्तिहरूलाई प्रायः सार्बजनिक पनि गर्नेगरिएको छैनभने उनीहरूले के कारण र अभिप्रायले त्यस्तो विध्वङ्श मच्चाएका थिएभन्ने बिवरण पनि सार्बजनिक गरिएको छैन। पक्राउ परेका कतिपय ब्यक्तिहरू कतिपय राजनीतिक दल र समूहहरूसँग सम्बद्ध देखिएका छन्। तर त्यसका बारेमा पनि कुनै बिवरण सार्बजनिक गरिएको छैन। जसलेगर्दा उक्त दुई दिनको घटना हालसम्म पनि रहस्यमै रहेको छ। भदौ २३ गते गोलिकाण्ड भएपछि सुरुमा तत्कालीन गृहमन्त्रि र पछि प्रधानमन्त्रीले नैतिकताका आधारमा पदबाट राजीनामा दिनुभएको थियो। कुनै पनि जिम्मेवार पदमा रहेका ब्यक्तिले कुनै घटनालाई आधार बनाएर नैतिकताका आधारमा राजीनामा दिनुलाई सराहनीय कार्य मानिन्छ। जस्तो केही वर्षअघि काठमाडौंको रंगशालामा भएको घटनालाई आधार बनाएर तत्कालीन शिक्षामन्त्रि केशरबहादुर बिष्टले पदबाट राजीनामा दिएको प्रशंगलाई हालसम्म पनि उदाहरणका रूपमा लिने गरिन्छ। तर गत भदौ २३ को घटनालाई आधार बनाएर नैतिकताका आधारमा पद त्यागगर्नेहरूलाई हालसम्म खेद्ने काम भएको छ। कतिपयलाई त स्थानहदसमेत लगाइएको प्रचार गरिएको छ। त्यतिबेला २३ गतेको प्रदर्शनका लागि स्वीकृति दिने काठमाडौंका प्रजिअलाई कारवाहीको शिकार बनाइयो, तर प्रदर्शनगर्नेहरूमाथि केही पनि गरिएन। नेपाल प्रहरीका तत्कालीन महानिरीकमाथि सेवा निवृत्त भएपछि केहीदिन स्थानहद लगाएर पुनः हटाइएको छ। तर उपत्यका प्रहरी कार्यालयका प्रमुखलाई तत्काल महानिरीक्षक बनाइएको देखिएको थियो। राष्ट्रिय अनुसन्धान बिभागका प्रमुखलाई पनि सेवा निबृत्त भएपछि केहीदिन स्थान दल लगाएर हटाइएको छ। तर उपत्यका हेर्ने सोही बिभागका अधिकृतमाथि हालसम्म कुनै कारवाही भैरहेको छैन।

त्यसैगरी, भदौ २३ गतेको घटनालगत्तै तत्कालीन प्रधानमन्त्री केपी ओलीले पदबाट राजीनामा गरेपछि संसदबाटै नयाँ सरकार बनाउन सकिने अवस्था थियो। किनकि त्यतिबेला संसदको वर्षे अधिवेशन जारी थियो। तर, राष्ट्रपतिबाट संसदको कुनै परामर्श समेत नगरी संसद बाहिरबाट प्रधानमन्त्री नियुक्त गर्नुकासाथै त्यसरी नियुक्त प्रधानमन्त्रीको एकल सिफारिसमा संसदनै बिघटन गरेर आगामी फागुन २१ गतेका लागि निर्वाचनको घोषणा गरियो। खासमा पहिलो त तत्कालीन प्रधानमन्त्रीलाई नै संसद बिघटन र नयाँ निर्वाचनको घोषणागर्न लगाइएको हुनुपर्ने थियो।

त्यसैगरी कुनै पनि प्रधानमन्त्रीले राष्ट्रपति समक्ष संसद बिघटनको सिफारिसगर्दा मन्त्रिपरिषदको निर्णयका आधारमा गरिएको हुनुपर्ने थियो। ०४६ सालको राजनीतिक परिवर्तनपछि त्यसरी प्रधानमन्त्री वा राष्ट्रपतिलाई एकल निर्णयगर्ने कुनै पनि अधिकार दिइएको थिएन। त्यसरी संसद बाहिरबाट नियुक्त प्रधानमन्त्रीले तत्काल बिघटित संसदका प्रमुख दलहरूसँग परामर्श गरेर सर्बदलीय चुनावी सरकार बनाएर अगाडि बढेको हुनुपर्ने थियो। तर हालसम्म सर्बदलीय चुनावी सरकारको गठन हुन सकेको छैन। ०७९ मंसिर चारको निर्वाचनपछि रहस्यमय ढंगले पुस १० गते प्रधानमन्त्री हुनुभएका तत्कालीन माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको बिशेष पहलमा नेपाली कांग्रेसका नेता रामचन्द्र पौडेललाई राष्ट्रपति बनाइएको थियो भने उहाँकै सल्लाहमा राष्ट्रपतिबाट भदौ २७ को निर्णय भएको रहस्य खुलेको छ। हालैका कतिपय सार्बजनिक कार्यक्रममा हाल नेपाली कम्युनिष्ट पार्टीका संयोजक रहनुभएका दाहाल आफैंले उक्त सल्लाह दिएको सगौरव दाबि पनि गर्दैआउनु भएको छ। जबकी कतिपय कोणबाट तत्कालीन प्रधानमन्त्री केपी ओलीको लिखित सिफारिसमा भदौ २७ को घोषणा भएको प्रचारलाई पनि जारी राखिएको छ। जसरी गरिएको भए पनि भदौ २७ को घटनाले स्वयं राष्ट्रपतिलाईसमेत असहज अवस्था सिर्जना गरेको देखिएको छ। हाल सर्बोच्च अदालतमा संसद पुनर्स्थापनासम्बन्धी १७ वटा रिटमा कानूनी बहस भैरहेको छ। अब केहीगरी बिघटित संसद पुनर्स्थापना हुन सकेनभने ०७२ को संविधान सङ्कटमा पर्ने छ भने संसद पुनर्स्थापना भएमा भदौ २७ को घोषणागर्ने राष्ट्रपतिले नैतिकताका आधारमा पद त्याग गर्नुपर्ने अवस्था सिर्जना हुने देखिएको छ।

नेपाली कांग्रेस र एमालेले भदौ २७ गतेको घोषणालाई असंवैधानिक भएको औपचारिक निर्णय गरिसकेका छन्। उनीहरूले संसद पुनर्स्थापनाका लागि पहल पनि गर्ने र नभएमा आगामी फागुन २१ को निर्वाचनमा पनि भाग लिने निर्णय गर्नासाथ अब जनमतसङ्ग्रहको कुरा उठाउन थालिएको छ। कसैले राजतन्त्र र गणतन्त्रका बीचमा जनमतसङ्ग्रह भनेका छन्भने कसैले कार्यकारी राष्ट्रपतिका लागि जनमतसङ्ग्रहबाट संविधान संशोधन गराउने कुरा गरेका छन्। खासमा यसअघि नेपाली कांग्रेस, एमाले र तत्कालीन माओवादी केन्द्रले आपसिमा सहमति गरेर संविधान संशोधन गर्न/गराउन सकिने अवस्था थियो। त्यतिबेला पनि कार्यकारी राष्ट्रपतिको विषयमा तीन दलका बीचमा राय बझाउने काम भएकाले ०७२ को संविधानमा तेश्रो संशोधन हुन सकेको थिएन। देशमा यस्ता घटनाक्रमहरू भएका कारण जनमतसङ्ग्रह पनि सोझो हिसावले हुने देखिएको छैन। किनकि जनमतसङ्ग्रहको प्रस्तावको नाभी भारतको नयाँदिल्लीसँग जोडिएको देखिएको छ। दिल्लीमा आहोर-दोहोर गर्नेहरूले बर्तमान सरकारसम्म आफ्नो पहुँच बिस्तार गरेका छन्। यसरी गत भदौ २३ र २४ को घटनाले नेपाललाई जसरी पनि बिघटनमा पुऱ्याउन खोजेको संकेत गरेको छ। जुन एउटा स्वतन्त्र देश सिक्किम भारतमा बिलय भएको घटनासँग मेल खान्छ। सन् १९४७ देखि यस्तै खेल खेल्दै भारतले सन् १९७५ को अप्रिल २६ मा बिश्वमान चित्रबाट सिक्किमलाई सदाका लागि भारतमा बिलय गराउन सफल भएको थियो। नेपालमा पनि पछिल्ला दिनमा सोही अनुसारका गतिविधिहरू हुँदैआएका छन्। जसलेगर्दा नेपालमा देशले संवैधानिक लिक छाडेको हालको अवस्थामा जसरी बिभिन्न विषयमा जनमतसङ्ग्रहको कुरा उठाइएको छ, त्यसकाबारेमा गंभिर छलफल आजको प्रमुख आवश्यकता भएको छ। यसतर्फ देशको क्रान्तिकारी शक्तिको ध्यानाकर्षण जरुरी छ।

# महाधिवेशनले क्षमतावान् नेतृत्व स्थापित गर्नुपर्छ : अष्टलक्ष्मी

**काठमाडौं।** नेपाल कम्युनिस्ट पार्टी (एमाले) का उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले एमालेको आसन्न महाधिवेशनले मुलुकमा विद्यमान राजनीतिक तथा संवैधानिक संकटको सामना गर्नसक्ने क्षमतावान नेतालाई नेतृत्वमा स्थापित गर्नुपर्नेमा जोड दिएकी छन्।

पार्टीको आसन्न ११औं महाधिवेशनका सन्दर्भमा मंगलबार आयोजित अन्तरसंवाद कार्यक्रममा उनले देशभरका प्रतिनिधिले 'जेन-जी' आन्दोलनको भावनालाई समेटेर नयाँ नेतृत्व चयन गर्नुपर्ने बताएका हुन्।

'जेन-जी' युवाको भावना तत्कालीन सरकारले बुझ्न नसक्दा देशमा उत्पन्न भएको गम्भीर अवस्थालाई दृष्टिगत गरी नयाँ नेतृत्व चयन गर्नुपर्ने उल्लेख गर्दै उपाध्यक्ष शाक्यले उक्त नेतृत्वले पार्टीलाई लोकतान्त्रिक विधिबाट सञ्चालन गर्ने र देशलाई समृद्धिको बाटोमा लैजानसक्ने विचार व्यक्त गरिन्।

एमाले कम्युनिस्ट आन्दोलनको मूलधार भएको उपाध्यक्ष शाक्यको भनाइ थियो। एमाले कमजोर हुँदा राष्ट्रियता कमजोर हुन जाने र देशको अस्तित्व संकटमा पर्ने धारणा व्यक्त गर्दै उपाध्यक्ष शाक्यले पार्टीभित्रको आन्तरिक विवाद समाधान गर्न नसक्ने नेतृत्वले मुलुकको नेतृत्व गर्न नहुने र नेतृत्व हस्तान्तरण गर्नुपर्नेमा जोड दिइन्।

यसैगरी केन्द्रीय सदस्य वृन्दा पाण्डेले पार्टीमा सामूहिक पद्धतिको अन्त्य भएसँगै विधि, नीति, प्रक्रिया तथा पद्धति कमजोर हुँदा आन्तरिक विवाद सिर्जना भएको बताइन्। जनताको बहुदलीय जनवादका नाममा पार्टीभित्र नेतृत्व अराजक भएर प्रस्तुत भएकाले विकल्प खोज्नुपर्ने प्रष्ट पारिन्।

यस्तै पार्टी केन्द्रीय सदस्य उषाकिरण तिमिल्सिनाले अहिले कम्युनिस्ट पार्टीमा नेतृत्व हस्तान्तरणको खाँचो औंल्याउँदै जिम्मेवार र जवाफदेही नेतृत्व, सामूहिकता र सबैसँग सहकार्य गर्न सक्ने नेतृत्व आवश्यक रहेको बताइन्। गणतन्त्र संस्थागत गर्नका लागि अन्तरपार्टी अभ्यास लोकतान्त्रिक हुन जरुरी रहेको उल्लेख गर्दै केन्द्रीय सदस्य शर्मिला कार्कीले नेताहरूको जीवनशैली पारदर्शी हुनुपर्नेमा जोड दिइन्।

यसैगरी नेतृ सरिता न्यौपानेले नेतृत्वले अधिक्तम दुई वर्षको कार्यकाल पूरा गरेपछि पार्टी नेतृत्व हस्तान्तरण गर्नुपर्ने व्यवस्था वैज्ञानिक रहेको बताइन्। अर्की नेत्री रचना खड्काले पार्टी नेतृत्व र जनताबीचको कुरा मिलेको छ कि छैन भनेर बुझेको व्यक्तिले मात्र पार्टीलाई सही दिशा निर्देश गर्नसक्ने उल्लेख गर्दै पार्टीको अन्तिम निर्णय गर्ने अधिकार पार्टी सदस्यको हुनुपर्नेमा जोड दिइन्।

# 'जेन–जी' आतङ्कमा ८४ अर्ब क्षति : पुनर्निमार्णमा ३६ अर्बभन्दा बढी लाग्ने

**काठमाडौं ।** गत भदौ २३ र २४ गते भएको 'जेन-जी' प्रदर्शनका क्रममा करिब ८४ अर्ब ४५ करोड ७७ लाख रूपैयाँ बराबरको भौतिक संरचनामा क्षति भएको उल्लेख गर्दै क्षतिग्रस्त सरकारी संरचना पुनर्निर्माणमा ३६ अर्ब ३० करोड रूपैयाँ लागत लाग्ने अनुमान गरिएको छ।

जेनजी आन्दोलनमा भएको क्षतिको मूल्यांकन तथा सार्वजनिक संरचनाको पुनर्निर्माण योजना तयार गर्न गठित समितिले प्रधानमन्त्री सुशीला कार्कीसमक्ष बुझाएको प्रतिवेदनमा भौतिक संरचनाअन्तर्गत दुई हजार १६८ संघसंस्था तथा निकाय प्रभावित भएको उल्लेख छ। 'समग्रमा हेर्दा ८४ अर्ब ४५ करोड ७७ लाख रूपैयाँ बराबरको भएको समितिको मूल्यांकन छ, आन्दोलनका क्रममा सातै प्रदेशमा क्षति भएको थियो' प्रतिवेदनमा उल्लेख गरिएको छ। यस्तो क्षति हुने जिल्ला ५४ र स्थानीय तह २६२ रहेका छन्, प्रतिवेदनअनुसार भदौ २३ गते २० जना, २४ गते ३७ जना र त्यसपछि २० जना गरी कूल ७७ जनाको ज्यान गएको छ। दुई हजार ४२९ जना घाइते भएकामा १७ जना १३ वर्षमुनिका छन्, १३ देखि २८ वर्षका एक हजार ४३३ जना घाइते भएको प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदनअनुसार १२ हजार ६५९ वटा सवारीसाधन क्षतिग्रस्त हुँदा १२ अर्ब ९३ लाख ६१ हजार रूपैयाँ बराबरको नोक्सान हुनुकासाथै सरकारी/सार्वजनिक क्षेत्रको ४४ अर्ब ९३ करोड ७३ लाख रूपैयाँ बराबरको क्षति पुगेको छ। दुई हजार ६७१ भवनमा क्षति पुगेको छ र त्यसमा पनि क्षतिको मूल्याङ्कन ३९ अर्ब ३१ करोड ७५ लाख रूपैयाँ बराबर रहेको छ।

प्रतिवेदनमा उल्लेख छ 'सामुदायिक तथा अन्य क्षेत्रको पाँच अर्ब ९७ करोड १७ लाख रूपैयाँ बराबरको क्षति भएको छ, निजी क्षेत्रको क्षतिको मूल्यांकन ३३ अर्ब ५४ करोड ८७ लाख रूपैयाँ बराबर र सरकारी क्षतिमा तीन तहमध्ये सङ्घीय सरकारको ६८ प्रतिशत छ भने प्रदेश र स्थानीय तहको क्रमशः १० र २२ प्रतिशत छ।'

यस्तै सरकारी/सार्वजनिक क्षेत्रमा ४४ अर्ब ९३ करोड ७३ लाख बराबर क्षति पुगेको, निजी क्षेत्रको क्षतिको मूल्यांकन ३३ अर्ब ५४ करोड ८७ लाख बराबर र सामुदायिक तथा अन्य क्षेत्रको पाँच अर्ब ९७ करोड १७ लाख बराबर क्षति भएको जनाइएको छ। असोज ५ गते राष्ट्रिय योजना आयोगका सचिवको संयोजकत्वमा गठन भएको समितिले ७५ दिनमा आफ्नो प्रतिवेदन सरकार समक्ष बुझाएको हो।

# पुराना पार्टीलाई आत्मसमीक्षा गर्ने अवसर : प्रचण्ड

**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले व्यवस्था परिवर्तन भए पनि जनताले सोचे जसरी अवस्था परिवर्तन हुन नसक्दा 'जेन-जी' प्रदर्शन स्थिति सिर्जना भएको बताएका छन्। नेकपाको जनकपुरधाममा आयोजित मधेश प्रदेशस्तरीय एकता सन्देशसभालाई सम्बोधन गर्दै उनले 'जेन-जी'ले पुरानो पार्टीलाई आत्मसमीक्षा गर्ने अवसर दिएको बताएका हुन्।

'जेन-जी' प्रदर्शनपछि समीक्षा गर्दै नयाँ ढंगले रूपान्तरणका साथ मुलुकको विकासमा लाग्न पार्टीहरूबीच बृहत एकता गरिएको समेत उनले बताए। प्रचण्डले सबै जनताको एकताले मात्रै प्रतिगमन र प्रतिक्रियावादीलाई परास्त गर्दै मुलुकलाई अघि बढाउनु सकिने भन्दै त्यसको नेतृत्व नेकपाले गर्ने धारणा व्यक्त गरे। कार्यक्रममा नेपाली कम्युनिस्ट पार्टीका सह-संयोजक माधवकुमार नेपालले हजारौंको संख्यामा युवाहरू आफ्नो पार्टी प्रवेश गरेको दाबी गरे। उनले पार्टी एकता भएपछि सबैतिर सकारात्मक सन्देश प्रवाह भएको बताए।

नेकपाले पार्टी एकताको सन्देश दिन विभिन्न प्रदेशमा सन्देशसभा गर्दै आएको छ। पार्टीले कर्णाली र काठमाडौंमा पनि एकता सन्देशसभाको आयोजना गर्ने जनाएको छ।

# युवालाई राजनीतिमा संगठित गर्न नसक्दा ठूलो क्षति : बिजुक्छें

**भक्तपुर ।** नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छे 'रोहित'ले नयाँ पुस्तालाई राजनीतिक रूपमा संगठित गर्न नसक्दा 'जेन-जी' प्रदर्शनका नाममा देशले ठूलो क्षति व्यहोर्नुपरेको बताएका छन्।

भक्तपुर नगरपालिकाले आयोजना गरेको भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियागिताको उद्घाटन कार्यक्रममा बोल्दै उनले 'जेन-जी'का नाममा भएको घटनाले देशको प्रशासनिक केन्द्र सिंहदरबार, संसद भवन र धेरै मन्त्रालयहरू तथा देशभरका सरकारी कार्यालय जलाउनु सही नभएको बताएका हुन्। खेलकुदले मित्रता, शिक्षा र संस्कृतिको विकाससँगै शारीरिक एवं मानसिक स्वास्थ्य सुधार गर्नुका साथै अनुशासित नागरिक तयार गर्न, सामाजिक सम्बन्ध मजबुत बनाउने बताए।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवं कार्यक्रमका सभापति सुनील प्रजापतिले पुस १ गतेसम्म सञ्चालन हुने खेलकुद प्रतियोगितामा टेबुलटेनिस, भलिबल, फुटबल, कबड्डी, खो-खो, एथ्लेटिक्स, बुद्धिचाल, ब्याडमिन्टन, कराँते, उसु, तेक्वान्दो, पोर्टबल, जिम्नास्टिक, कसिमला पाँय र बाघचाल गरी १५ वटा खेलमा प्रतियोगीबीच प्रतिस्पर्धा हुने जानकारी दिए।

प्रतियोगितामा ८० भन्दाबढी विद्यालयको सहभागिता रहने बताउँदै उनले भलिबलमा २८८ जना, एथ्लेटिक्समा ४०८ जना, टेबलटेनिसमा १३८ जना, पोर्टबलमा १५३ जना, उसुमा १३९ जना, कबड्डीमा १६० जना, तेक्वान्दोमा ३५० जना, कसिमला पाय्मा २४३ जना, बुद्धिचालमा १७३ जना, बाघचालमा २४७ जना, फुटबलमा २८८ जना, जिम्नाष्टिकमा १०० जना, ब्याडमिन्टनमा १२० जना, कराँतेमा १६० जना र खोखोमा ३२४ जना गरी जम्मा ३ हजार २९१ जना खेलाडीहरूले प्रतिस्पर्धा गर्ने जानकारी दिए।

यसअघि दत्तात्रयबाट सुरु भएको समुद्घाटन र्‍याली नगरको विभिन्न ठाउँको परिक्रमा गर्दै सहिद स्मृति खेल मैदानमा पुगेर प्रतियोगिताको उदघाटन गरिएको थियो।

# नयाँ चुनौतीको सामना गर्न सक्ने नेतृत्व आवश्यक : विष्ट

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले) का सचिव गोकर्णराज विष्टले पार्टीको आसन्न ११औं महाधिवेशनले राष्ट्रिय राजनीतिमा देखिएका मुद्धालाई सम्बोधन गर्नेगरी नेतृत्व हस्तान्तरण गर्ने विश्वास व्यक्त गरेका छन्। महाधिवेशनका सन्दर्भमा बुधबार आयोजित अन्तरसंवाद कार्यक्रममा सचिव विष्टले यथास्थितिाट माथि उठेर नयाँ चुनौतीको सामना गर्नसक्ने आवश्यक भएको बताएका हुन्।

वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल समूहका नेता सचिव विष्टले महाधिवेशनले राष्ट्रिय राजनीतिमा देखिएका मुद्धालाई सम्बोधन गर्दै सामूहिक नेतृत्व दिने विश्वास व्यक्त गरे। जनताको बहुदलीय जनवाद (जबज) को मार्गदर्शनमा एकता र सहमतिका साथ पार्टीको नयाँ नेतृत्व चयन गर्नुपर्नेमा सचिव विष्टले जोड थियो। पार्टीको केन्द्रीय नेतृत्वमा ४० वर्षमुनिका प्रतिनिधिको उल्लेख्य उपस्थितिका लागि र नयाँ राजनीतिक घटनाक्रमबारे महाधिवेशनमा छलफल गर्न प्रतिनिधिहरू सार्वभौम रहेको उनले दावी गरे।

मंसिर २७ देखि २९ गतेसम्म हुने एमालेको ११औं महाधिवेशनमा सचिव विष्टले वरिष्ठ उपाध्यक्ष पोखरेलकै समूहबाट आफूहरू प्रतिस्पर्धामा उत्रने जानकारी दिए। कार्यक्रममा कृष्ण राई, सुरेन्द्र मानन्धर, अरविन्दा सिंहलगायत नेताहरूले नेतृत्व पुस्तान्तरण र हन्तरणमा जोड दिएका थिए। एमालेको ११औं महाधिवेशनमा सचिव विष्टले वरिष्ठ उपाध्यक्ष पोखरेलकै समूहबाट आफूहरू प्रतिस्पर्धामा उत्रने जानकारी दिए। कार्यक्रममा कृष्ण राई, सुरेन्द्र मानन्धर, अरविन्दा सिंहलगायत नेताहरूले नेतृत्व पुस्तान्तरण र हन्तरणमा जोड दिएका थिए।

आसन्न ११ औं राष्ट्रिय महाधिवेशनका लागि प्रतिनिधिहरूको अन्तिम टुंगो लगाएको एमालेको पार्टी महाधिवेशन प्रतिनिधि व्यवस्थापन समितिले देशभरबाट २४६३ जना प्रतिनिधि सहभागी हुने बताएको छ। प्रतिनिधिहरूको अन्तिम टुंगो लगाएको एमालेको ११औं महाधिवेशनमा निर्वाचित, विशेष क्षेत्र र पदेन गरी दुई १५४ प्रतिनिधि रहनेगरी टुग्याएको समितिका संयोजक काशीनाथ अधिकारीले जानकारी दिए। उनले पार्टीको केन्द्रीय सल्लाहाकार परिषदका ३०९ जना सदस्यको पनि महाधिवेशनमा सहभागिता रहनेछ। उक्त संख्यासहति दुई हजार ४ सय ६३ जना महाधिवेशनको हलमा रहनेछन्। समितिले प्रतिनिधिहरूको परिचयपत्र (कार्ड) छपाइको कार्य सुरु गरिसकेको पनि उनले बताए।

यसअघि आसन्न ११ औं राष्ट्रिय महाधिवेशनको उद्घाटन सत्रमा जनसहभागिताका लागि एमालेले घरदैलोमै पुगेर निमन्त्रणा दिएको थियो। पार्टीका उपमहासचिव एवं महाधिवेशनको जनपरिचालन समितिका संयोजक प्रदीपकुमार ज्ञवालीले काठमाडौंको कागेश्वरी मनोहरा नगरपालिकास्थित वीरेन्द्र चोक, काँडाघारी क्षेत्रबाट सो अभियानको थालनी गरेका थिए। ज्ञवालीसहितको टोलीले पार्टी अध्यक्ष ओलीका तर्फबाट जारी अपिल बुझाउँदै मुलुकको राष्ट्रिय राजनीतिक र एमाले महाधिवेशनको महत्वबारे प्रकाश पारेका थिए।

अभियानमा पार्टीका पोलिटब्यूरो सदस्य एवं पूर्व सञ्चारमन्त्री पार्वत गुरुङ, बागमती प्रदेश कमिटीका अध्यक्ष कैलाशप्रसाद ढुंगेललगायत नेताहरू सहभागी रहेका थिए । भक्तपुरको सूर्यविनायक, चाँगुनारायणलगायत पालिकामा पोलिटब्यूरो सदस्य महेश बस्नेत, जिल्ला अध्यक्ष बजन देउजा, बागमती प्रदेशका स्वास्थ्यमन्त्री एवं जिल्ला उपाध्यक्ष किरण थापालगायतले घरघरमा निमन्त्रणा बाँडेका थिए। एमालेको सो अभियानअन्तर्गत ललितपुरको महालक्ष्मी नगरपालिकामा पनि घरदैलोमै पुगेर निमन्त्रणा बाँडेको थियो।

# एनपीएल क्रिकेट : काठमाडौं १११ रनमा अलआउट

**काठमाडौं ।** नेपाल प्रिमियर लिग (एनपीएल)को इलिमिनेटरमा काठमाडौं गोर्खाजले लुम्बिनी लायन्सलाई जितका लागि ११२ रनको लक्ष्य दिएको छ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट रंगशालामा बुधबार भएको खेलमा टस जितेर पहिला ब्याटिङ रोजेको काठमाडौंले १९ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै १११ रनमा समेटियो। सन्तोष यादवले काठमाडौंका लागि सर्वाधिक २३ रनको योगदान दिए। उनले १७ बलमा एक छक्काको सहयोगमा २३ रन जोडेका हुन्। त्यसैगरी, जोन सिमसन र मोहमद आदिल आलमले समान १८/१८ रन जोडे भने भीम सार्कीले १४ रन बनाए। कप्तान करण केसी ९ रनमा आउट भए।

काठमाडौंलाई सस्तैमा समेट्ने क्रममा लुम्बिनीका शेर मल्ल र कप्तान रोहित पौडेलले समान तीन/तीन विकेट लिए। यस्तै ट्रम्पलम्यानले दुई विकेट लिए भने अभिशेष गौतमले एक विकेट झारे। यस खेलको विजेता टोलीले भोलि विराटनगर किङ्गसँग दोस्रो क्वालिफायरमा प्रतिस्पर्धा गर्नेछ। खेलको समापनसँगै लुम्बिनी लायन्त नेपाल प्रिमियर लिग (एनपीएल) को दोस्रो क्वालिफायरमा प्रवेश गरेको हो। कीर्तिपुरस्थित त्रिवि क्रिकेट रंगशालामा बुधबार सम्पन्न इलिमिनेटर खेलमा काठमाडौं गोर्खाजलाई ४ विकेटले हराउँदै लुम्बिनी क्वालिफायरमा प्रवेश गरेको हो। जितका लागि पाएको ११२ रनको लक्ष्य लुम्बिनीले १७.४ ओभरमा ६ विकेटको क्षतिमा भेट्टायो। जसमा डार्सी सर्टले सर्वाधिक ३३ रनको योगदान गरेका थिए।

काठमाडौंका सन्तोष यादवले दुई विकेट लिए भने यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको काठमाडौंले १९ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै १११ रनमा समेटियो।

यस्तै ट्रम्पलम्यानले दुई विकेट लिए भने अभिशेष गौतमले एक विकेट झारे। लुम्बिनीले अब विराटनगर किङ्गसँग दोस्रो क्वालिफायरमा प्रतिस्पर्धा गर्नेछ। दोस्रो क्वालिफायरको विजेताले फाइनलमा मंसिर २७ गते सुदूरपश्चिम रोयल्ससँग खेल्नेछ।

# कांग्रेसमा बाँकेबाट २२ को नाम सिफारिस

**काठमाडौं ।** नेपाली कांग्रेसले बाँकेबाट आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सहमहामन्त्री किशोरसिंह राठौर र पूर्वमन्त्री गजेन्द्र हमालसहित २२ जनाको नाम सिफारिस गरेको छ। तीन वटा निर्वाचन क्षेत्र रहेको बाँके जिल्लाको निर्वाचन क्षेत्र नं. १, २ र ३ मा प्रतिस्पर्धाका लागि नेपाली कांग्रेसको क्षेत्रीय समितिले बुधबार त्यस्तो सिफारिस गरेको हो।

बाँके क्षेत्र नम्बर १ बाट जिल्ला सभापति नारायणप्रसाद गौडेल, उपसभापति कृष्ण कार्की, क्षेत्रीय सभापति पोषण केसी, निवर्तमान सभापति माधवराम खत्री र कांग्रेस लुम्बिनी प्रदेश सल्लाहकार हुर्मत न्यौपाने, मीना सिग्देल, रामबहादुर मल्ल, ज्ञानु केसी, चुडामणि कँडेललगाय नौ जनाको नाम सिफारिस गरिएको छ। जिल्लाको क्षेत्र नम्बर २ बाट पूर्वजिल्ला सभापति तथा पूर्वमन्त्री गजेन्द्र हमाल, अघिल्लो निर्वाचनका उम्मेदवार सुदीप नरसिंह राना, निवर्तमान लुम्बिनी प्रदेश सभा सदस्य मो याकुव अन्सारी, जिल्ला सचिव सुधांशु कोइराला र क्षेत्रीय सभापति रमेश गुप्ता र लिलावती यादवसहित ६ जनाको नाम सिफारिस गरिएको छ।

यसैगरी, क्षेत्र नम्बर ३ बाट सहमहामन्त्रीदेखि महाधिवेशन प्रतिनिधिसम्मको सूची रहेको छ। अघिल्लो निर्वाचनमा प्रतिनिधिसभा सदस्यमा विजयी सहमहामन्त्री किशोरसिंह राठौर, निवर्तमान प्रतिनिधिसभा सदस्य आशा विक, महासमिति सदस्यहरू लक्ष्मीनारायण शाह, मेघराज वली, टेकबहादुर खड्का र देवराज खत्री तथा महाधिवेशन प्रतिनिधि कृष्ण विक रसाइलीसहित ७ जनाको नाम सिफारिस गरिएको छ।

# प्राधिकरणको हितमा खट्ने शाक्यको प्रतिबद्धता

**काठमाडौं ।** नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेवी शाक्यले आफ्नो ३५ वर्षको अनुभवलाई प्राधिकरणको श्रीवृद्धिमा खर्च गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। सर्वोच्च अदालतको फैसलाबाट प्राधिकरणको कार्यकारी निर्देशक पदमा पुनः बहाली गराइदिएपछि रत्नपार्कस्थित प्रधानकार्यालयमा जिम्मेवारी सम्हाल्दै उनले ऊर्जा क्षेत्रको विकासमा आफ्नो क्षमता, दक्षता र योग्यताअनुसार पारदर्शी र नतिजामुखी काम गर्ने दृढता व्यक्त गरेका हुन्।

'प्राधिकरणकै पूर्वकार्यकारी निर्देशक एवं हालको ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री र मेराबीच ऊर्जा क्षेत्रको प्रवर्द्धनका सम्बन्धमा धेरै समानता छन्। ऊर्जा क्षेत्रमा चुनौती ठूला छन्, आगामी दिनमा त्यसलाई समाधान गर्न सकिन्छ' उनको भनाइ थियो 'ऊर्जामन्त्रीले अन्य क्षेत्र पनि हेरिरहनुभएको छ, ऊर्जा क्षेत्रमा निर्धक्क हुनुभए हुन्छ, म पूर्ण क्षमताले काम गर्छु, प्राधिकरणको सिङ्गो टिमलाई साथमा लिएर अघि बढ्छु।'

ऊर्जा क्षेत्र अर्थतन्त्रको 'ड्राइभर' भएको धारणा व्यक्त गर्दै उनले यही क्षेत्रको विकासमार्फत मुलुकको अर्थतन्त्र उकासिने विश्वास व्यक्त गरे। ट्रकलाइन र डेडिकेटेड लाइनको बक्यौता उठाउने सरकारको निर्णयलाई आफूले उच्च प्राथमिकता दिएर काम गर्ने प्रतिबद्धता व्यक्त गर्दै भने 'यो संस्थागत निर्णय हो, बक्यौता उठाउँछौं, प्राधिकरणले गर्ने सबै काम गर्छौं।'

# भरतनाटचम जिते नेपाली कलाकारले

**काठमाडौं ।** भारतको रायपुरस्थित गोविन्द लीला कला कौशल संस्थाद्वारा आयोजित 'कलावंत सम्मान-२०२५' भारतनाट्यम प्रतियोगितामा नेपालका तीन कलाकारको जित भएको छ।

मंसिर २१ गतेदेखि आयोजित प्रतियोगिता ललितपुरको सुन्धारास्थित क्लासिक कल्चर सेन्टरबाट सहभागी सवजुनियर समूह (६-१० वर्ष)मा सात वर्षीय विभाष स्वरूप रघुवंशी, जुनियर समूह (११-१५ वर्ष) का १३ वर्षीया पंलेस्वा रघुवंशी र सिनियर समूह (१६-२० वर्ष) मा १६ वर्षीया सदीक्षा पौडेलको जित भएको हो। सब-जुनियर विजेता विभाष एसयमजी स्कूल कक्षा २ का विद्यार्थी हुन्। पाँच वर्षको उमेरदेखि भरतनाट्यम साधनामा सक्रिय उनले अहिलेसम्म २० भन्दा बढी मञ्चमा प्रस्तुति गरिसकेका छन्। जुनियर विजेता पंलेस्वा नेसनल युनाइटेड स्कूलमा कक्षा ९ मा अध्ययनरत छिन्। आठ वर्षदेखि नृत्ययात्राम सक्रिय रहँदै नेपाल तथा भारतका विभिन्न राष्ट्रिय मञ्चमा उत्कृष्ट प्रस्तुति गर्दै आएकी छन्।

हिमालयन ह्वाइट हाउस इन्टरनेसनल कलेजमा कक्षा ११ मा अध्ययनरत सिनियर विजेता सदीक्षाले निरन्तर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रमहरूमा प्रभावशाली प्रस्तुति गर्दै नृत्यलाई उचाइमा पुर्‍याउँदै आएकी छन्। प्रतियोगितामा नृत्यसँगै गायन, वादन तथा चित्रकलाको समेत समावेश थियो। अन्तिम मूल्यांकनमा तीनै नेपाली कलाकारले सर्वाधिक अंक प्राप्त गर्दै 'कलावंत सम्मान २०२५' हासिल गरेका हुन्। गोविन्द लीला कला कौशल संस्थाका सचिव गुरु किरण साहूले नेपालमा भारतनाट्यम नृत्यको तीव्र विकासले आफूहरू प्रभावित भएको बताएका छन्। कार्यक्रम संयोजक सारिका शर्माले नेपालका कलाकारहरूको प्रस्तुति उल्लेखनीय रहेको बताए।

# सरकार–‘जेन–जी’ सम्झौतामा के छ ?

**काठमाडौं ।** सरकार र ‘जेन-जी’ का केही प्रतिनिधिहरूबीच बुधबार एक सम्झौतापत्रमा हस्ताक्षर भएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा भएको उक्त सम्झौतापत्रमा सरकारका तर्फबाट प्रधानमन्त्री सुशीला कार्की र जेन-जीका तर्फबाट सहिद परिवारका सदस्य भोजविक्रम थापाले हस्ताक्षर गरे । यस्तो छ, उक्त सम्झौतपत्रको पूर्णपाठ-

**प्रस्तावना**

देशमा व्याप्त भ्रष्टाचार, कुशासन, दण्डहीनता, भेदभाव, बहिष्करण तथा आर्थिक-सामाजिक असमानता र अन्याय जस्ता संरचनात्मक कारणहरूबाट सिर्जित द्वन्द्वको समयमै सम्बोधन नहुँदा उत्पन्न आम वितृष्णा र निराशाले जेन-जीको नेतृत्वमा वि.सं. २०८२ साल भाद्र २३ र २४ गते भएको राजनीतिक-सामाजिक जनआन्दोलन निम्त्याएको वास्तविकतालाई स्वीकार गर्दै, जनआन्दोलनका क्रममा जीवन बलिदान गर्ने शहीद, घाइते एवं तिनका समस्त परिवारजनप्रति सम्मान प्रकट गर्दै, जनआन्दोलनका क्रममा भएका अपूरणीय मानवीय, सामाजिक, मानसिक, भौतिक, आर्थिक तथा अन्य सबै प्रकारका क्षतिप्रति दुःख व्यक्त गर्दै, जनआन्दोलनको सन्दर्भमा भएका सम्पूर्ण गम्भीर मानव अधिकार उल्लंघन तथा हिंसाजन्य ज्यादतीका घटनाहरूको स्वतन्त्र छानबिन गरी सत्य, न्याय, परिपूरण र संस्थागत सुधारका उपाय अवलम्बन गरी दण्डहीनताको अवस्था अन्त्य गर्नुपर्ने अपरिहार्यता बोध गर्दै, जेन-जीको नेतृत्वमा भएको जनआन्दोलनपश्चात सिर्जित असाधारण परिस्थितिमा जनआन्दोलनका मागहरू सम्बोधन गर्न एउटा गैरदलीय, पारदर्शी, जवाफदेही, समावेशी र सक्षम अन्तरिम नागरिक सरकारको ऐतिहासिक आवश्यकताको उपजको रूपमा वर्तमान सरकार बनेको तथा जनविश्वास गुमाइसकेको संघीय संसदको प्रतिनिधि सभाको विघटन गरी निर्वाचनको मिति तय गरिएको ऐतिहासिक तथ्यलाई स्वीकार गर्दै, नेपालमा विभिन्न कालखण्डमा नेपाली जनताले पटकपटक गर्दै, आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, नारीवादी आन्दोलन, आदिवासी आन्दोलन, दलित आन्दोलन, मुस्लिम आन्दोलन, मधेश आन्दोलन, थरुहट आन्दोलन लगायतका हरेक आन्दोलनहरूबाट हासिल गरिएको प्रत्येक नागरिकको सम्मानपूर्वक बाँच्न पाउने हक, अभिव्यक्ति तथा सांगठनिक स्वतन्त्रता, संघीय लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता, समानतामा आधारित समानुपातिक समावेशी राज्य प्रणाली, सामाजिक र आर्थिक न्याय सुनिश्चित गर्दै, नेपाली जनताले संविधान सभामार्फत जारी गरेको नेपालको संविधानको सान्दर्भिकता र वैधतालाई आत्मसात् गर्दै, नेपाली जनताले प्रयोग गर्ने ‘डिजिटल’ माध्यमलाई नागरिक अभिव्यक्तिको वैध माध्यमका रूपमा ग्रहण गरी यस जनआन्दोलनका क्रममा आन्दोलनकारीहरूले प्रयोग गरेका नयाँ डिजिटल माध्यम, सांस्कृतिक प्रतीक र सिर्जनात्मक अभिव्यक्तिलाई वैध नागरिक राजनीतिक संलग्नताको रूपमा स्वीकार गर्दै, सामाजिक, राजनीतिक, धार्मिक, सांस्कृतिक, संरचनागत विभेद तथा आर्थिक शोषणको कारणले सिर्जना भएको वर्गीय, जातीय, लैङ्गिक तथा यौनिक असमानता, गरिबी, सिमान्तीकरण एवम् बहिष्करण अन्त्य गर्ने दृढ संकल्प लिँदै, राज्यका स्रोत साधनसम्म हरेक नेपालीको न्यायिक पहुँच र ती स्रोतसाधनको समतामूलक वितरण, बाँडफाँट र दिगो प्रयोग गर्नुपर्ने आवश्यकतामा जोड दिँदै, सुशासन, समावेशिता र जनसहभागिताका मान्यतामा आधारित संघीयता, स्थानीय स्वायत्तता र विकेन्द्रीकरणको सुदृढीकरणबाट शिक्षा, स्वास्थ्य, रोजगार, आवास, भूमि, भाषा, संस्कृति, लैङ्गिक तथा सामूहिक अधिकारहरूको कार्यान्वयन तथा उद्यमशीलता, नवप्रवर्तन र अन्वेषण राज्यका भावी नीति र कार्यक्रमका मुख्य प्राथमिकता बन्नुपर्ने आवश्यकतामा जोड दिँदै, जनआन्दोलनपश्चातको नवनिर्माणका हरेक क्रियाकलापहरूलाई सुशासनका मूल्यमान्यताबाट अनुप्राणित गरी भ्रष्टाचारमुक्त, पारदर्शी, जवाफदेही, चुस्त, मितव्ययी, समावेशी, प्रभावकारी र स्वार्थको द्वन्द्वरहित बनाउने प्रण गर्दै, नेपाली जनताको सुशासनको तीव्र आकाङ्क्षाबाट प्रेरित भई जेन-जीको नेतृत्वमा भएको जनआन्दोलनबाट प्राप्त जनादेश एवं संविधानले अंगीकार गरेका मूल्यमान्यतालाई आत्मसात गर्दै नेपाल सरकार र जेन-जी जनआन्दोलनका प्रतिनिधिबीच यो सम्झौता सम्पन्न गरिएको छ । सम्झौताका उल्लिखित प्रावधानहरूको इमानदारिताका साथ प्रभावकारी कार्यान्वयनका लागि दुवै पक्ष दृढ प्रतिज्ञा व्यक्त गर्दछन् ।

१. शहीद र घाइतेको त्याग तथा बलिदानलाई सम्मान, न्याय तथा अर्थपूर्ण स्मृतीकरणसहितको परिपूरण

१.१ वि.सं. २०८२ साल भाद्र २३ र २४ गते जेन-जीको नेतृत्वमा भएको जनआन्दोलनको क्रममा तत्कालीन सरकारबाट भएको दमन र व्यापक हिंसाका घटनामा सहादत प्राप्त गर्नु भएका व्यक्तिलाई शहीद घोषणा गर्नेलगायत शहीद परिवारको माग र भावनाको यथाशीघ्र सम्बोधन गर्ने व्यवस्था गरिनेछ ।

१.२ शहीद परिवार तथा घाइतेको तत्कालीन र दीर्घकालीन आवश्यकताको यथोचित सम्बोधन गर्न सम्बन्धित शहीद परिवार र घाइतेसँगको परामर्श तथा समन्वयमा तत्काल एक उच्चस्तरीय कार्यदल गठन गरी अन्तरिम राहत, क्षतिपूर्ति, निःशुल्क स्वास्थ्य उपचार तथा मनोसामाजिक परामर्श, निःशुल्क शिक्षा, रोजगारी, सामाजिक सुरक्षा एवं अर्थपूर्ण स्मृतीकरण (मेमोरियलाइजेशन) समेतको परिपूरणीय व्यवस्था सुनिश्चित गरिनेछ।

१.३ जेन-जी आन्दोलनका शहीद परिवार तथा घाइतेको सामूहिक माग अनुरूप मुलुकमा सदाचार तथा सुशासन प्रवर्द्धन, भ्रष्ट्राचार निवारण तथा दण्डहीनता अन्त्य गर्न छुट्टै स्थायी प्रकृतिको आयोग गठन गरिनेछ ।

२. भाद्र २३ र २४ का घटनाको अनुसन्धान, अभियोजन र पुनरावृत्ति हुन नदिन आवश्यक संस्थागत सुधार

२.१ नेपाल सरकारले गठन गरेको भाद्र २३ र २४ को घटना सम्बन्धी जाँचबुझ आयोगलाई देहायबमोजिमको कार्यादेश थप गरिनेछः

(क) यस जनआन्दोलनका क्रममा भएको अत्यधिक बल प्रयोगको परिणामस्वरूप गैरन्यायिक हत्यालगायतका मानव अधिकार उल्लङ्घनसम्बन्धी आरोपहरूको बिना विभेद छानबिन गरी सत्य तथ्य खोज गरी फौजदारी जवाफदेहिता बहन गर्न सिफारिस गर्ने ।

(ख) जाँचबुझ, सत्य निरूपण तथा मेलमिलापको मान्यतालाई ध्यानमा राखी उपयुक्त प्रक्रिया अपनाई जनआन्दोलनको प्रकृति तथा भाद्र २३ र २४ को विशिष्ट परिस्थितिजन्य अवस्थालाई दृष्टिगत गरी जनआन्दोलनका क्रममा भएका घटना र अन्य व्यक्ति वा समूहले आपराधिक मनसायका साथ सुनियोजित तथा सङ्गठित तरिकाले गरेका हिंसात्मक कार्यहरूको भेदलाई पूर्वाग्रहरहित रूपमा छुट्याई छानबिन गरी प्रतिवेदन पेश गर्ने ।

(ग) कसैलाई आन्दोलनमा सहभागी भएकै कारण अनुसन्धान वा अभियोजनको दायरामा पारिएको छ भनी आन्दोलनकारी स्वयं वा निजका तर्फबाट अन्य कसैले अनलाइन, लिखित वा हटलाइनमार्फत उजुरी दिएमा सो सम्बन्धमा सम्बन्धित निकायबाट विवरण झिकाई सो विवरणका आधारमा यो सम्झौता भएको मितिले १५ दिनभित्र स्क्रिनिङ तथा छानबिन गर्ने ।

(घ) स्क्रिनिङ तथा छानबिनबाट सम्बन्धित व्यक्ति ज्यान मार्ने कसुर वा सुनियोजित/सङ्गठित रूपमा कुनै आपराधिक गिरोहद्वारा भएका हुनसक्ने गम्भीर अपराधमा संलग्न रहेको नदेखिएमा पछि जाँचबुझ आयोगको प्रतिवेदनबमोजिम हुनेगरी सो व्यक्तिलाई तत्काल हिरासत/थुनामुक्त गर्न र निजविरुद्ध दायर भएका मुद्दा फिर्ता लिन नेपाल सरकारलाई सिफारिस गर्ने ।

२.२ नेपाल सरकारका सम्बन्धित निकायले माथि उल्लिखित सिफारिस बमोजिमको कारबाही यथाशीघ्र अगाडि बढाउनेछन् ।

२.३ यस जनआन्दोलनसँग सम्बन्धित राजनीतिक विरोधको गतिविधिमा सहभागी भएकै कारण कसै उपर फौजदारी मुद्दाको अनुसन्धान वा अभियोजन गरिने छैन ।

२.४ यस जनआन्दोलनसहित नेपालका विभिन्न आन्दोलनका क्रममा सुरक्षा निकायबाट भएका अन्यायपूर्ण तथा गैरकानुनी बल प्रयोगसम्बन्धी घटनाको आवश्यक जाँचबुझ गरी भविष्यमा यस्ता घटनाको पुनरावृत्ति हुनबाट रोक्नका लागि नेपालको प्रचलित कानुन, सुरक्षा निकायका कमीकमजोरी, सुरक्षाकर्मीलाई सामाजिक, मानसिक सुरक्षाको अभावलगायत अन्य कारणहरू पहिचान गरी सम्बन्धित कानुन तथा सुरक्षा निकायमा आवश्यक संस्थागत सुधारका उपायहरूको अध्ययन तथा सिफारिस गर्न छुट्टै संयन्त्र गठन गर्ने र सो संयन्त्रले पेस गर्ने प्रतिवेदन सार्वजनिक गरी प्रतिवेदनमा उल्लिखित सिफारिसहरू तत्काल कार्यान्वयन गरिनेछ ।

३. राजनीतिक तथा नीतिगत भ्रष्टाचार, सार्वजनिक संस्थाहरूको दलीयकरण र दलीय भागबन्डाका आधारमा नियुक्ति गरिने प्रचलनको अन्त्य

३.१ राजनीतिक, नीतिगत तथा संस्थागत भ्रष्टाचार, सार्वजनिक संस्थाहरूको दलीयकरण र दलीय भागबन्डाका आधारमा गरिने नियुक्तिको अन्त्य लगायतका देहायका विषयमा निष्पक्ष छानबिन गरी सिफारिस गर्न एक उच्चस्तरीय आयोग गठन गरिनेछः

(क) सम्पूर्ण सार्वजनिक पदमा नियुक्त, निर्वाचित वा मनोनीत व्यक्तिको जीवनशैली, आयस्रोत र अकूत सम्पत्ति आर्जनका सम्बन्धमा दोषीलाई कानुनबमोजिमको कारबाही गर्ने प्रक्रिया,

(ख) सार्वजनिक संस्थाहरूको दलीयकरण र भागबन्डाका आधारमा गरिने नियुक्तिको अभ्यास अन्त्य गर्न सम्बन्धित नीति र कानुनमा गर्नुपर्ने सुधार तथा मौजुदा कानुनको प्रभावकारी कार्यान्वयनको विषय,

(ग) विभिन्न सार्वजनिक पदधारण गरेका व्यक्ति तथा राजनीतिक दलले आफ्ना नेताहरूको नाउँमा सार्वजनिक जग्गा, सम्पत्ति र बजेटको प्रयोग गरी देशभर सञ्चालन गरेका प्रतिष्ठान, कोष, ट्रष्ट, परिषद्, केन्द्र जस्ता निकायको कार्य तथा आर्थिक गतिविधि छानबिन गरी सम्बन्धित संस्थाले सार्वजनिक हित र उद्देश्य विपरीत वा गैरकानुनी गतिविधि गरेको पाइएमा यस्ता निकायलाई खारेज गरी सम्पत्ति राष्ट्रियकरण गर्ने विषय,

(घ) नेपालको सार्वजनिक निकायमा हुने अनियमितता तथा भ्रष्टाचार निवारण, प्रशासकीय प्रणालीको पुनःसंरचना, सार्वजनिक सेवा प्रवाहको सरलीकरण, सहज पहुँच, गुनासो सुनुवाइको व्यवस्था र विद्युतीय सुशासन प्रवर्द्धन लगायतका विषय ।

४. स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण र भयरहित निर्वाचनको सुनिश्चितता

४.१ आगामी प्रतिनिधि सभा तथा हरेक तहका निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण, सबैका लागि पहुँचयुक्त र भयरहित बनाउन प्राथमिकताका साथ आवश्यक कानुनी, प्राविधिक तथा संस्थागत पूर्वाधार विकास गरी कार्यान्वयन गरिनेछ ।

४.२ योग्य नेपाली नागरिक मतदाताका रूपमा नाम दर्ता गर्ने अभियानलाई सहज र प्रभावकारी बनाइनेछ । बेजिल्ला तथा अन्तरनिर्वाचन क्षेत्रमा अस्थायी रूपमा बसोबास गर्ने मतदातालाई निजहरू रहेकै जिल्लाबाट आसन्न निर्वाचनमा नै मतदान गर्ने व्यवस्था गरिनेछ । संसारका विभिन्न देशमा औपचारिक तथा अनौपचारिक रूपमा श्रम गर्ने प्रवासी नेपाली नागरिकहरू, पेसा व्यवसायमा रहेका र प्रवासी नेपाली विद्यार्थीहरूको मताधिकार सुनिश्चित गर्न नीतिगत, कानुनी तथा संस्थागत पूर्वाधार विकासको प्रक्रिया अगाडि बढाइनेछ ।

४.३ निर्वाचनमा मनोनयन दर्ता गर्दाकै बखत उम्मेदवारले आफ्नो सम्पत्ति विवरणसमेत बुझाउनुपर्नेलगायत राजनीतिक दल र उम्मेदवारको खर्च पारदर्शी बनाउन कानुनमा संशोधन गरिनेछ ।

४.४ सबै राजनीतिक दलका सम्पत्ति तथा आर्थिक स्रोतको विवरण अनिवार्य रूपमा मागी सो उपर छानबिन गरी स्रोत नखुलेको सम्पत्ति राष्ट्रियकरण गरी दोषी उपर कारबाही गर्न आवश्यक कानुनी प्रबन्ध गरिनेछ ।

४.५ निर्वाचन प्रणाली सुधारका लागि माथि उल्लिखित कुराको अतिरिक्त प्रचलित कानुनमा तत्काल संशोधन गरी निम्न व्यवस्था लागू गरिनेछः

(क) मतपत्रमा ‘माथिका कसैलाई मतदान गर्दिन ९ल्इत्७० विकल्प राखिनेछ।

(ख) राजनीतिक दलभित्र अनिवार्य रूपमा प्राथमिक प्रतिस्पर्धा (प्राइमरी इलेक्सन) गरी छनोट भएको व्यक्ति मात्र निर्वाचनका लागि उम्मेदवार हुन पाउने कानुनी व्यवस्था गरिनेछ ।

(ग) निर्वाचन आयोगद्वारा तयार गरिने मतपत्रमा दल/उम्मेदवारको क्रमाङ्क गोला प्रथाबाट निर्धारण गरिनेछ ।

(घ) राजनीतिक दलमा अध्यक्ष वा सभापति अधिकतम दुई कार्यकालका लागि मात्रै हुन सक्ने प्रबन्ध गरिनेछ ।

(ङ) निर्वाचन प्रयोजनका लागि मात्रै हुने अस्वस्थ गठबन्धन नियन्त्रणका लागि कानुनी प्रबन्ध गरिनेछ ।

(च) आगामी निर्वाचनमा ‘पहिलो हुने निर्वाचित हुने’ निर्वाचन प्रणालीमा समेत उम्मेदवार चयन गर्दा समानुपातिक समावेशी सिद्धान्तको पालना गर्न कानुनी प्रबन्ध गरिनेछ ।

५. नेपालको संविधानमा गर्नुपर्ने सुधार

५.१ नेपालको संविधानले सुनिश्चित गरेको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्त, प्रतिस्पर्धात्मक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक बहुदलीय व्यवस्था, धर्मनिरपेक्षता, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका तथा कानुनी राज्यका आधारभूत मूल्य मान्यताहरूलाई अक्षुण्ण राख्दै सुशासन कायम गर्न, संविधानको प्रभावकारी कार्यान्वयनमार्फत सामाजिक-आर्थिक रूपान्तरण तथा समतामूलक समृद्धि, दिगो शान्ति र दिगो विकासका वाचा पूरा गर्न तथा बदलिँदो परिप्रेक्ष्यमा नेपाली जनताको सामूहिक विवेक र आकाङ्क्षालाई समेट्न गरिनुपर्ने संवैधानिक, कानुनी तथा संस्थागत सुधारका विषयहरूको पहिचान, अध्ययन र विश्लेषण गरी अग्रगामी परिवर्तनका लागि सुझावसहितको प्रतिवेदन पेस गर्न स्वतन्त्र विज्ञ, जेन-जी र युवासहित सरोकारवालाहरूको सहभागिता रहने गरी एक उच्चस्तरीय ‘संविधान संशोधन सुझाव आयोग’ गठन गरिनेछ ।

५.२ उल्लिखित आयोगले स्थानीय, प्रदेश र सङ्घीय तहमा व्यापक बहस, संवाद, अन्तरक्रिया तथा नागरिक परामर्श गरी सुझावसहितको प्रतिवेदन तयार गर्नेछ ।

५.३ संविधान संशोधन सुझाव आयोगको कार्यादेशमा अन्य कुराको अतिरिक्त निम्नानुसारका विषयवस्तु समेत तोकिनेछः-

(क) संविधान कार्यान्वयनका दस वर्षको सिंहावलोकन गरी कार्यान्वयनका उपलब्धि र कमीकमजोरी पहिचान गर्ने तथा कार्यान्वयनको प्रभावकारिताका लागि ठोस सुझाव दिने,

(ख) सुशासन कायम गर्न, अख्तियारको दुरूपयोग तथा भ्रष्टाचार निवारण गर्न, स्वार्थको द्वन्द्वको निराकरण गर्न, संविधानको कार्यान्वयनलाई प्रभावकारी बनाउने उपाय खोज्न तथा बदलिँदो परिप्रेक्ष्यमा नेपाली जनताको सामूहिक विवेक र आकाङ्क्षाको समीक्षा गरी समयानुकूल संविधान संशोधनका लागि सुझाव दिने,

(ग) माथि प्रकरण १.३ बमोजिमको आयोगलाई संवैधानिक हैसियत प्रदान गर्ने सम्बन्धमा सुझाव दिने,

(घ) सङ्घीय संसद् एवम् प्रदेश सभाको संरचनाको सम्बन्धमा स्थानीय, प्रदेश र केन्द्रस्तरमा बहस एवम् अन्तरक्रियामार्फत सुझाव सङ्कलन गरी देहायका विषयमा सिफारिस सहितको प्रतिवेदन पेस गर्नेः

(१) जनसङ्ख्याका आधारमा पूर्ण समानुपातिक तथा समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न निर्वाचन प्रणालीमा आवश्यक सुधार,

क्रमशः पाँचौं पृष्ठमा

## सरकार–'जेन–जी'सम्झौतामा...

(२) अधिकतम परिपूरणीय, अधिकारपूर्ण र अर्थपूर्ण प्रतिनिधित्वको सिद्धान्तलाई आत्मसात् गर्दै महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पछाडि पारिएका वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक रूपमा विविध पहिचान गर्ने समुदाय, किसान, श्रमिक, उत्पीडित वा पछाडि पारिएका क्षेत्रका नागरिक तथा आर्थिक रूपमा विपन्न खस आर्य लगायतको प्रतिनिधित्व सुनिश्चित गर्न सुधारात्मक व्यवस्था,

(३) राज्यको राष्ट्रप्रमुख, तीनै तहको सरकारका कार्यकारी प्रमुख र मन्त्रिपरिषद्का सदस्यको कार्यकाल १० वर्षमा नबढ्ने गरी दुई पूर्ण कार्यकालसम्म सीमित गर्ने विषय,

(४) प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तहको जनप्रतिनिधिका लागि उम्मेदवार हुन न्यूनतम उमेर २१ वर्ष राख्ने विषय,

(५) न्यायपालिका, संवैधानिक परिषद्, संवैधानिक आयोग र न्यायपरिषद्लाई राजनीतिक तथा दलीय हस्तक्षेपबाट पूर्ण रूपमा मुक्त राख्न र स्वायत्त तथा स्वतन्त्र ढङ्गले कार्यसम्पादन गर्न सक्षम बनाउन र राज्यका संरचनामा युवाहरूको प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्न उक्त आयोगहरूको संरचना तथा पदाधिकारी नियुक्तिको प्रक्रियामा सुधार,

(६) राजनीतिक दलहरूको आन्तरिक समावेशी लोकतन्त्र र सुशासनका क्षेत्रमा गर्नुपर्ने सुधारका उपाय ।

६. पूर्ण समानुपातिक समावेशिता र सहभागितामूलक प्रतिनिधित्व

६.१ यो सम्झौताबमोजिम बन्ने संयन्त्रहरूमा यथासक्य समावेशिता सुनिश्चित गरिनेछ । राज्यका संयन्त्रहरूमा अधिकतम परिपूरणीय, अधिकारपूर्ण र अर्थपूर्ण प्रतिनिधित्वका सिद्धान्तका आधारमा महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पछाडि पारिएका वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक रूपमा विविध पहिचान गर्ने समुदाय, किसान, श्रमिक, उत्पीडित वा पछाडि पारिएका क्षेत्रका नागरिक तथा आर्थिक रूपमा विपन्न खस आर्य लगायतको प्रतिनिधित्व सुनिश्चित गर्न यस सम्झौताबमोजिम गठन हुने जेन-जी परिषद्ले सल्लाहकारको भूमिका निर्वाह गर्नेछ ।

७. पारदर्शिता

७.१ पारदर्शी र जवाफदेही सरकारको अवधारणाअनुरूप सरकारले आफ्ना कामकारबाही, निर्णय तथा खर्चमा पारदर्शिता सुनिश्चित गर्नका लागि विधि, प्रक्रिया, कानुन, प्रविधि तथा संयन्त्रहरूमा आवश्यक सुधार, समायोजन र परिमार्जन गरिनेछ । सरकारका यस्ता निर्णय तथा कार्यलाई सूचनापाटी, वेबसाइट, सामाजिक सञ्जाल र आम प्रयोगमा रहेका सूचना तथा सञ्चारका माध्यममार्फत समेत सर्वसाधारणको सहज पहुँचमा पुऱ्याउने व्यवस्था मिलाइनेछ ।

७.२ नेपालमा विगतमा भएका मानव अधिकार उल्लङ्घन तथा हिंसाका घटना र भ्रष्टाचारसँग सम्बन्धित छानबिन लगायतका विषयमा अध्ययन अनुसन्धान गर्न गठन गरिएका सम्पूर्ण छानबिन, जाँचबुझ आयोगका प्रतिवेदन प्रचलित कानुनको अधीनमा रही सार्वजनिक गरिनेछ ।

७.३ नेपाल सरकारको सार्वजनिक पदहरूमा हुने सबै नियुक्तिका लागि पारदर्शी, प्रतिस्पर्धी र विश्वसनीय छनोट प्रक्रिया सुनिश्चित गर्न, अवसरको समानता सुनिश्चित गर्न तथा नातावाद, कृपावाद र भेदभावको अवस्था अन्त्य गर्न जेन-जीलगायत सरोकारवालासँग परामर्श गरी आवश्यक उपायहरू अवलम्बन गरिनेछ ।

८. अभिव्यक्ति स्वतन्त्रता र डिजिटल स्वतन्त्रता

८.१ इन्टरनेट र डिजिटल माध्यममा अभिव्यक्ति, सूचना प्रवाह र संवादमा कुनै किसिमको स्वेच्छिक, गैरकानुनी नियमन, निषेध वा पूर्वाग्रही सेन्सरसिप हुन नदिन आवश्यक कानुनी, भौतिक र प्राविधिक पूर्वाधारको व्यवस्था गरिनेछ ।

८.२ सर्वसाधारण नागरिकको डिजिटल तथ्याङ्क (डेटा) माथि राज्य वा तेस्रो पक्षका तर्फबाट गैरकानुनी निगरानी र दुरुपयोग हुन नदिने गरी कानुनी, भौतिक र प्राविधिक सुधारसहित आवश्यक पूर्वाधारको व्यवस्था गरिनेछ ।

९. जेन-जी परिषद्को गठन

९.१ जेन-जी आन्दोलनको मर्म र भावनाअनुसार शासन व्यवस्था सञ्चालनमा सरकारलाई योगदान गर्न, खबरदारी गर्न, सुशासन, दिगो विकास तथा समृद्धिका लागि नेपाल सरकारलाई सल्लाह, सुझाव र सहयोग प्रदान गर्नका लागि जेन-जी परिषद् गठन गरिनेछ ।

१०. सम्झौता लागू हुने मिति र सम्झौताको कार्यान्वयन

१०.१ दुवै पक्षका प्रतिनिधिद्वारा हस्ताक्षर भएको मितिदेखि यो सम्झौता लागू हुनेछ ।

१०.२ यो सम्झौताको कार्यान्वयन नेपाल सरकार र जेन-जी जनआन्दोलनका प्रतिनिधिको आपसी सहमतिमा हुनेछ ।

१०.३ यो सम्झौताको अधीनमा रहेर दुवै पक्षको सहमतिमा अन्य सम्झौता गर्न बाधा पुगेको मानिने छैन ।

# सरकार सुशासनका लागि तीव्र गतिमा कार्यरत छ : प्रधानमन्त्री

**काठमाडौं ।** प्रधानमन्त्री सुशीला कार्कीले वर्तमान सरकार चुनावी सरकार मात्र नभई सुशासनका लागि तीव्र गतिमा काम गर्ने सरकार भएको दावी गरेकी छन् । भ्रष्टाचारविरुद्धको २२औं अन्तर्राष्ट्रिय दिवसका अवसरमा सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित कार्यक्रममा प्रधानमन्त्री कार्कीले सुशासनको माग राखेर भएको 'जेन-जी' प्रदर्शनको जगमा बनेको सरकार भएकाले आफूहरूले नियमित कार्यसँगै सुशासनका निमित्त तीव्र गतिमा काम गरिरहेको जिकिर गरेकी हुन् ।

**प्रधानन्त्री कार्कीको मन्तव्यको पूर्णपाठः**

*संयुक्त राष्ट्र सङ्घीय भ्रष्टाचार विरुद्धको महासन्धि सन् २००३ को डिसेम्बर ९ मा हस्ताक्षर भएको दिनका अवसरमा आज २२औं भ्रष्टाचार विरुद्धको अन्तरराष्ट्रिय दिवस, 'भोलिको निष्ठावान् दिनलाई आकार दिन भ्रष्टाचारविरुद्ध युवाहरूबीच एकता कायम गरौं' भन्ने नाराका साथ मनाउँदै छौं ।*

*यस दिवसका अवसरमा नेपाल सरकारका तर्फबाट सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुशासनको प्रत्याभूतिका लागि भ्रष्टाचारमुक्त र सदाचारयुक्त समाज निर्माणको सपना साकार पार्न आ-आफ्नो तर्फबाट भरपूर सहयोग गर्न प्रेरणा मिलोस्, शुभकामना छ ।*

*भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्र सङ्घीय महासन्धिको पक्ष राष्ट्रको हैसियतले तथा भ्रष्टाचार विरुद्धको विश्वव्यापी प्रयासमा ऐक्यबद्धताका लागि नेपालले पनि हरेक वर्ष यो दिवस मनाउँदै आएको छ ।*

*भ्रष्टाचार वा अन्य गैरकानुनी कार्यबाट आर्जन गरेको सम्पत्ति विदेशमा लुकाउने, गैरकानुनी रूपमा लगानी गर्ने, अन्तरदेशीय वा सङ्गठित अपराधमा प्रयोग गर्नेजस्ता कार्यले अन्तरराष्ट्रिय शान्ति र सुरक्षामा खलल पुग्न सक्ने कुरालाई मध्यनगर गरी राष्ट्र सङ्घको महासभाले यो महासन्धि पारित गरेकाले महासन्धिको प्रभावकारी कार्यान्वयन एवं अन्तरराष्ट्रिय सहकार्य प्रवर्द्धन गर्न यस दिवसको विशेष महत्व रहेको छ । नेपालले भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिमा सन् २०११ हस्ताक्षर गरी अनुमोदन गरेदेखि नै महासन्धिका प्रावधानलाई रणनीति तथा कार्ययोजना बनाई निरन्तर कार्यान्वयन गर्दै आएको छ । त्यसै क्रममा नेपालले भ्रष्टाचारविरुद्धको दोस्रो राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०८२ समेत जारी गर्दै छ ।*

*भ्रष्टाचारका सबै स्वरूप र आयामहरूलाई अपराधका रूपमा परिभाषित गरी दण्डनीय बनाउने, भ्रष्टाचारसम्बन्धी कसुरको सम्बन्धमा सपुर्दगी, पारस्परिक कानुनी सहायता र भ्रष्टाचारजन्य कसुरबाट आर्जित सम्पत्ति फिर्ता गर्ने स्पष्ट कानुनी तथा संस्थागत व्यवस्था गरिएको छ ।*

*कानुनको उल्लङ्घन गर्ने प्रवृत्ति, खर्चिलो निर्वाचन प्रणाली, पारदर्शिता, उत्तरदायित्व र जवाफदेहिताको अभाव, गोपनीयतामा रमाउने संस्कृति, उच्च स्वविवेकीय अधिकार तथा स्वार्थको द्वन्द्व, भ्रष्टाचारलाई सामाजिक संरक्षण एवं प्रोत्साहन, कमजोर अनुगमन तथा मूल्याङ्कन प्रणालीजस्ता कारणले भ्रष्टाचार बढेको भन्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा विभिन्न गैरसरकारी निकायहरूका प्रतिवेदनहरूले औंल्याएको छ ।*

*भ्रष्टाचार टाठाबाठा र शक्तिशाली व्यक्तिले गर्ने अपराध भएकाले यसको अनुसन्धानमा जटिलता छ । प्रविधिको विकाससँगै भ्रष्टाचारको शैली र प्रवृत्ति फेरिएको छ । यद्यपि, भ्रष्टाचारविरुद्ध विद्यमान कानुन कार्यान्वयन गर्न, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संस्थागत क्षमता बढाउन, सरोकारवाला निकायहरूसँग सहकार्य गर्न सरकार सधैं तयार छ ।*

*यो सरकार चुनावी सरकार मात्र होइन । सुशासनको माग राखी भएको जेनजी आन्दोलनको जगमा बनेको सरकार हो । सरकारले नियमित कार्यसँगसँगै सुशासनका निमित्त तीव्र गतिमा काम गरिरहेको छ ।*

*जेनजीका माग र अपेक्षा बमोजिमका आशातित उपलब्धि हासिल हुन समय लाग्ला तर भ्रष्टाचारविरुद्ध जुनसुकै हदसम्मको कठोर कदम चाल्न पनि सरकार पछि हट्ने छैन । यसका निम्ति राज्यका स्थापित संयन्त्र क्रियाशील भइसकेका छन् ।*

*यस दिशामा चालिएका कदमबाट अत्तालिएर कतिपय तत्वले प्रत्यक्ष वा परोक्ष रूपमा धम्क्याए पनि हामी डराउँदैनौं । सम्बन्धित निकायका पदाधिकारी र राष्ट्रसेवकहरूलाई पनि कति पनि विचलित नभई निर्धक्कसँग आफ्नो व्यावसायिक स्वतन्त्रता उपयोग गरी अघि बढ्न म आग्रह गर्दछु ।*

*भ्रष्टाचारविरुद्धको कारबाही अघि बढाउँदा केकस्ता व्यवधान आउँछन् भन्ने मलाई अदालतमा कार्यरत रहँदा नै अनुभव भइसकेको हो । त्यस्ता व्यवधान पैदा गर्ने तत्वहरूलाई पनि पहिचान गरी सरकारले कानुनी कारबाहीको दायरामा ल्याउनेछ ।*

*सुशासन कायम गरी सेवाग्राहीहरूलाई सर्वसुलभ ढङ्गबाट सेवा प्रवाह गर्नु राज्यको प्रमुख दायित्व हो भने त्यसका लागि भ्रष्टाचार निवारण अनिवार्य सर्त हो । र, भ्रष्टाचार नियन्त्रणको काम कुनै एउटा निकायको मात्र जिम्मेवारी होइन । एकले अर्कालाई दोष दिएर पनि उम्किन पाइँदैन । प्रत्येक निकाय र कार्यालयमा हुने भ्रष्टाचारको नियन्त्रणमा त्यहीँको प्रमुख नै जिम्मेवार हुन्छ भन्ने स्पष्टतः बुझ्नुपर्छ ।*

*तसर्थ, सार्वजनिक जवाफदेहिताका निकाय र पदमा रहनुहुने प्रत्येकलाई म आग्रह गर्छु - तपाईं-हामी जो जहाँ छौं, त्यहीं बसेर सोचौं, आत्मालाई साक्षी राखेर आफ्ना कार्य र व्यवहारको परीक्षण गरौं, हामी कति इमानदार र प्रतिबद्ध भएर तोकिएको जिम्मेवारी सही ढंगले पूरा गर्दैछौं ?*

*गत भदौ २३ र २४ गते सडकबाट युवाले भ्रष्टाचारविरुद्धको आवाज उठाएका छन्, हामी सरकारी अड्डामा बस्नेहरूप्रति जनताको आक्रोश, विरोध र वितृष्णा छ कि छैन, सो कुराको समेत विचार पुऱ्याउनुपर्नेछ ।*

*समग्रमा भन्दा जनताका काममा अनावश्यक ढिलासुस्ती गर्ने, जिम्मेवारीबाट पन्छिने, मोलाहिजा गर्ने, अनुचित लाभ लिने, राज्यलाई हानि-नोक्सानी पुऱ्याउने कार्य कुनै पनि बहानामा सह्य हुन सक्दैनन् ।*

*अहिले भ्रष्टाचारविरुद्ध नागरिक तहमा अभूतपूर्व जागरण देखिएको छ । र, भ्रष्टाचारमा शून्य सहनशीलता अपनाउँदै सुशासन कायम गर्न सार्वजनिक पदाधिकारी एवं राष्ट्रसेवक कर्मचारीहरूले आ-आफ्नो जिम्मेवारी निष्ठापूर्वक पूरा गर्नुहुनेछ भन्ने मैले विश्वास लिएको छु ।*

*सामाजिक न्याय, समृद्धि र सुशासनका लागि पनि भ्रष्टाचारको अन्त्य आवश्यक छ । लालसाबिनाको साधारण जीवनशैली अनि मानवता र नैतिकताको महत्व जगाउन सकेमा भ्रष्टाचारमा कमी ल्याउन सकिन्छ ।*

*भ्रष्टाचारको समूल अन्त्यका लागि तीनै तहका सरकार, निजी क्षेत्र, नागरिक समाज, सञ्चारजगत् एवं आम नागरिक सबैको निरन्तर सहयोग र सहकार्य आवश्यक छ भन्ने सरकारले बुझेको छ र सोही बमोजिमको कार्यका लागि सरकार दृढतापूर्वक अगाडि बढिरहेको छ ।*



## गोबरले टाँसेको...

'म थपिनेवालमा पर्दिन, निरन्तरतासम्म हुनसक्छ, प्रतिनिधिले पत्याएनन् भने मेरो पनि हट्ने सम्भावना हुनसक्छ' अध्यक्ष ओलीको भनाइ थियो 'लोकतान्त्रिक पार्टीमा आग्रह, जिद्दी र हठले हुँदैन, त्यसकारण सहमतिमा जाँदा मैले छाड्ने सहमति भयो भने पनि म हट्ने स्थिति बन्न सक्छ, अथवा प्रतिनिधिले साथ नदिए, भोट नदिए हट्ने सम्भावना हुनसक्छ।'

एमालेविरुद्ध कठौती जस्तो नीति बनाइएको उल्लेख गर्दै अध्यक्ष ओलीले सहमति हुँदा पनि लोकतान्त्रिक अभ्यासलाई रोकेर सहमति गराए भन्ने आरोप लाग्ने र मतदानमा जाँदा पनि भाँडभैलो भयो भन्ने आरोप लाग्ने गरेको गुनासो पोखे। यस पटक दबाब दिएर मिलाउने योजना नभएको जिकिर गर्दै उनले स्वच्छ प्रतिषर्धा वा विना करकाप नेतृत्व छानिने दावी गरे।

केपी ओलीले छाडे सहमति हुन्छ भनेर पूर्वसर्त राख्नेहरूसँग आफ्नो सहमति नहुने बताउँदै ओलीले भने 'म दबाबमा काम गर्ने मान्छे होइन।' एमाले अध्यक्षका लागि वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलतर्फ औँल्याउँदै उनले भने 'बाहिर-बाहिर उम्मेदवारी घोषणा गरेर हिँड्नु भएको छ, मसँग कुरा गर्नुपर्थ्यो नि, मसँग त कुरा गर्नुभएको छैन।' अमेरिकामा दुई दल मिलेर देश चलाउँदा लोकतन्त्रमाथि प्रश्न नउठेको बताएका उनले नेपालमा तीन दलले चलाउँदा प्रश्न उठाउनु नपर्ने उनको भनाइ थियो।

**वरिष्ठ उपाध्यक्ष पोखरेलद्वारा प्रतिस्पर्धा गर्ने घोषणा**

यसैबीच वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले आफ्नो विचार समूहका तर्फबाट अध्यक्ष पदमा प्रतिस्पर्धा गर्ने घोषणा गरेका छन्। एमालेको मंसिर २७-२९ मा काठमाडौंमा हुन लागेको ११औं राष्ट्रिय महाधिवेशनका सन्दर्भमा बुधबार सम्पादकहरूसँग अन्तरसंवाद गर्दै वरिष्ठ उपाध्यक्ष पोखरेलले अध्यक्ष पदमा प्रतिस्पर्धा गर्न लागेको जानकारी दिएका हुन्।

पोखरेलले नेतृत्व पुस्तान्तरण र हस्तान्तरणसहित विधि र प्रक्रियाका आधारमा सबैलाई समेटेर पार्टी सञ्चालन गर्नुपर्नेमा जोड दिँदै आम नेता तथा कार्यकर्ताको भावनालाई सम्मान गर्दै अध्यक्ष पदमा उम्मेदवारी दिन लागेको स्पष्ट पारेका हुन्।

चुनावी प्रतिस्पर्धामा जितहारको अवस्थालाई स्वाभाविक रूपमा लिनुपर्ने धारणा व्यक्त गर्दै वरिष्ठ उपाध्यक्ष पोखरेलले निर्वाचनको परिणाम जे-जस्तो आए पनि आफूहरू पार्टीका पक्षमा दृढताका साथ उभिने स्पष्ट पारे।

संवादमा सहभागी सम्पादकहरूको जिज्ञासामा वरिष्ठ उपाध्यक्ष पोखरेलले राज्यको संविधान, पार्टीको विधान, अन्तर्राष्ट्रिय असल अभ्यास र सम्बन्धित व्यक्तिको चाहना भए जो कोहीलाई राजनीतिमा आउन दिनुपर्ने धारणा व्यक्त गरे।

संवादकै क्रममा उठेको प्रतिनिधिसभाको पुनर्स्थापनासम्बन्धी सवालबारे उनले हाल अदालतमा विचाराधीन रहेकाले अनावश्यक टीकाटिप्पणी गर्न नहुने विश्लेषण गर्दै लोकतन्त्र र निर्वाचनमा विश्वास गर्ने पार्टी भएकाले एमालेले आगामी निर्वाचनमा भाग लिने स्पष्ट पारे। वरिष्ठ उपाध्यक्ष पोखरेलले आफूहरूले मुलुकका वामपन्थी शक्तिहरूबीच एकता हुनुपर्ने पक्षमा रहेको बताए।

केही सञ्चारमाध्यमका सम्पादकहरूसँग अन्तरसंवाद कार्यक्रममा पार्टीका उपाध्यक्ष अष्टलक्ष्मी शाक्य, युवराज ज्ञवाली र सुरेन्द्र पाण्डे, सचिव योगेश भट्टराई र गोकर्ण विष्टलगायतका नेताहरूको उपस्थिति रहेको थियो।

**१६ दललाई निमन्त्रणा**

एमालेले आसन्न ११औं राष्ट्रिय महाधिवेशनमा १६ राजनीतिक दललाई निमन्त्रणा पठाएको छ। महाधिवेशन उद्घाटन सत्रमा अतिथिका रूपमा सहभागी हुनका लागि १६ राजनीतिक दललाई निमन्त्रण पठाइएको महाधिवेशन अतिथि सत्कार समितिका सचिव महेश बर्तौलाले जानकारी दिएका हुन्।

संसदमा प्रतिनिधित्व गर्ने राष्ट्रिय दल र कम्युनिस्ट पृष्ठभूमिका १६ राजनीतिक दललाई उद्घाटन सत्रमा अतिथिका रूपमा बोलाइएको उनले बताए। नेपाली कांग्रेस, नेपाली कम्युनिस्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेपाल मजदुर किसान पार्टी, नेकपा (क्रान्तिकारी माओवादी), नेकपा (माले), नेपाल कम्युनिस्ट पार्टी (नेकपा), राष्ट्रिय जनमोर्चा, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी (जसपा), नागरिक उन्मुक्ति पार्टी, तराई मधेस लोकतान्त्रिक पार्टीलगायत दललाई निमन्त्रणा पठाइएको छ।

मंसिर २७ गते भक्तपुरस्थित सल्लाघारीमा उद्घाटन हुने एमाले महाधिवेशनमा कांग्रेसका सभापति शेरबहादुर देउवा, रास्वपाका कार्यवाहक सभापति डिपी अर्याल, राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनलाई भेटेर निमन्त्रणा दिइएको अतिथि सत्कार समितिका सदस्य सुनिता बरालले जानकारी दिए। उनका अनुसार नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' उपत्यका बाहिर रहेकाले भेट्ने निमन्त्रणा दिन बाँकी रहेको छ।

## भ्रष्टाचारविरुद्ध...

पुऱ्याएर पीडितको घाउमा मलम लगाउने कामलाई हामी कुनै पनि हालतमा पछि सार्न सक्दैनौं' संयोजक दाहालको भनाइ थियो 'यो हाम्रो राजनीतिक र नैतिक दुवै दायित्व हो।'

पूर्वप्रधानमन्त्री दाहालले मानव अधिकारको साँचो अर्थ आत्मसम्मानपूर्ण जीवन बाँच्न पाउने हरेक व्यक्तिको जन्मसिद्ध अधिकारको प्रत्याभूति भएको उल्लेख गर्दै भने 'तर विडम्बना, हाम्रो समाजको ठूलो हिस्सा (दलित, महिला, जनजाति, मधेसी, मुस्लिम, थारू, पिछडिएका क्षेत्र तथा सम्पूर्ण उत्पीडित-उपेक्षित समुदाय) लामो समयदेखि राज्यसत्ताबाटै संरक्षित विभेद र उत्पीडनको सिकार बन्दै आएका छन्।'

संयोजक दाहालको सन्देशमा नागरिकले समानतापूर्वक बाँच्न पाउने वातावरण, जातीय, लैङ्गिक, क्षेत्रीय, धार्मिक तथा सांस्कृतिकसहित सबैखाले विभेदको अन्त्य र राज्यका हरेक निकायमा दलित, महिला, जनजाति, मुस्लिम, थारूलगायत समुदायको अर्थपूर्ण सहभागिताविना समावेशी लोकतन्त्र अधुरो रहन्छ र मानव अधिकारको सार्थक प्रत्याभूति सम्भव नहुने भनिएको छ।

'ऐतिहासिक विभेद र उत्पीडनविरुद्धको महान जनयुद्ध, १९ दिने जनआन्दोलन तथा विभिन्न अधिकारमुखी आन्दोलनको बलमा प्राप्त भएको हाम्रो संविधानले यी अधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ' संयोजक दाहालको भनाइ थियो 'तर अधिकार कागजमा मात्र सीमित हुनुहुँदैन, ती अधिकारको पूर्ण कार्यान्वयन आजको सबैभन्दा ठूलो चुनौती र दायित्व हो।'

# सरकारले निर्वाचनको वातावरण बनाउन सकेन : डा. रावल

**काठमाडौं।** गत भदौ २३ र २४ मा भएको 'जेन-जी' प्रदर्शनपछि विकास भएको परिस्थितिमा बनेको पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको सरकारलाई दिइएको आगामी फागुन २१ का लागि तोकिएकै मितिमा निर्वाचन गराउने जिम्मेवारी पूरा गर्ने वातावरण बनाउन असक्षम रहेको टिप्पणी भइरहेको छ।

सोही सन्दर्भलाई औँल्याउँदै नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का नेता डा. भीम रावलले कार्की सरकार तोकिएकै समयमा प्रतिनिधिसभा निर्वाचनको वातावरण बनाउन नसकेको विश्लेषण गरेका छन्। डोटीमा आयोजित 'एकता सन्देश सभा'लाई सम्बोधन गर्दै डा रावलले सरकार चुनावभन्दा अन्य कुरामा व्यस्त रहेको आरोप लगाए हुन्। 'लुटिएका हजारौं गोलीगट्ठा, घातक हतियार नियन्त्रणमा लिन सकेको छैन। कयौं कैदीबन्दी अझै फरार छन्' डा रावलको भनाइ थियो- 'शान्ति सुरक्षाको स्थिति सरकारले जसरी केलाएर हेर्नुपर्छ, त्यो गरिरहेको देखिँदैन।'

सरकारले सबै दललाई निर्भीक रूपमा निर्वाचनमा सहभागी हुने वातावरण बनाउनु पर्नेमा जोड दिँदै उनले निर्वाचनमा आन्तरिक वा बाह्य कुनै पनि प्रकारको हस्तक्षेप स्वीकार्य नहुने स्पष्ट पारे। डा रावलले राष्ट्रको एकता नटुक्रिने र सामाजिक सदभाव नबिथोलिने काम गर्न सरकारलाई राष्ट्रको एकता नटुक्रिने र सामाजिक सद्भाव नबिथोलिने काम गर्न सुझाव दिएका डा रावलले एक फरक प्रसंगमा नेकपा एमालेको ११ औं महाधिवेशनबाट एमालेलाई अध्यक्ष केपी शर्मा ओलीको पकडबाट मुक्त गर्नुपर्ने टिप्पणी गरे। 'एमालेले उहाँ (ओली) लाई स-सम्मान बिदाई गर्ने अवसर महाधिवेशन प्रतिनिधिले विवेकपूर्वक उपयोग गर्नुपर्छ' उनको भनाइ थियो।


## स्वदेशी वस्तु प्रयोग गरौं !

- स्वदेशी उत्पादनमा जोड दिऔं,
- स्वदेशी उत्पादनको प्रयोग गरौं,
- स्वदेशी वस्तु तथा सेवाको संरक्षण गरौं,
- स्थानीय उद्योग र रोजगारी प्रवर्द्धनमा सहयोग गरौं,
- स्वदेशी वस्तु तथा सेवा प्रयोग गरी आत्मनिर्भर बनौं,
- राष्ट्रिय अर्थतन्त्रलाई सबल बनाऔं,
- स्वदेशी उद्योगपति तथा व्यापारीलाई सम्मान गरौं,
- उद्यमीको योगदानको कदर गरौं।

स्वदेशी वस्तु तथा सेवाको प्रवर्द्धन गरौं, स्वावलम्बी बनौं !

नेपाल सरकार

विज्ञापन बोर्ड


# प्रधानमन्त्रीसँगको सम्झौता धोका : ढुंगाना

**काठमाडौं।** 'जेन-जी' अगुवा मिराज ढुंगानाले बुधबार प्रधानमन्त्री सुशीला कार्कीसँग भएको सम्झौता धोका भएको बताएका छन्। सम्झौताविरुद्ध एक विज्ञप्ति प्रकाशित गर्दै ढुंगानाले प्रधानमन्त्रीसँगको सम्झौताले 'जेन-जी' आन्दोलन तुहाउने षड्यन्त्र भएको उल्लेख गरेका हुन्।

'जेन-जी' आन्दोलन संस्थागत गर्नेगरी भएको भनिएको सम्झौताविरुद्ध विज्ञप्ति प्रकाशित गर्दै उनले उक्त सम्झौता नमान्ने चेतावनी समेत दिएका छन्। 'यो सम्झौता आन्दोलन तुहाउने षड्यन्त्र र भ्रमपूर्ण रहेकोमा हामी विश्वस्त छौं' उल्लेख गर्दै ढुंगानाले विज्ञप्तिमा उल्लेख गरेका छन्, 'प्रस्तुत सम्झौताप्रति हामी समर्थन जनाउन असमर्थ छौं र स्पष्ट रूपमा यसको घोर विरोध गर्छौं।'

बुधबार सो सम्झौतामा हस्ताक्षर गरेलगत्तै 'जेन-जी'हरूको एउटा समूहले प्रधानमन्त्री कार्यालयमा विवाद गरेका थिए। सम्झौताको प्रति समेत च्यातेका उनीहरूले सम्झौताले आफूहरूको माग पूरा नहुने भएकाले च्यातिदिएको जितेन्द्रकुमार महतो बताए। 'यो सम्झौताको ड्राफ्ट कसले बनाएको हो, यसमा हाम्रो संलग्नता छैन। त्यहाँ धेरै राख्नुपर्ने कुराहरू छन्। ती कुराहरूलाई राखेकै छैन। दुईचार जना जेनजी भोलेन्टियर राखेर प्रधानमन्त्री कार्यालयमा हामीलाई बोल्नै दिइएन।' यसअघि पनि मंसिर ८ गते प्रधानमन्त्री कार्यालयमा हुलदंगा र खेलकुद मन्त्रालयमा पिटापिट गर्ने 'जेन-जी'हरूले नै बुधबार पनि विवाद झिकेका थिए। सम्झौता च्यात्ने समूहमा बुधबार चिनिएका अनुहारमध्ये जितेन्द्रकुमार महतो र सुप्रिया राज्यलक्ष्मी शाही देखिएका थिए।

काउन्सिल अफ 'जेन-जी'का कोसी प्रदेश संयोजक उपार्जुन चाम्लिङले सम्झौतामा 'राजा' शब्द नदेखेपछि उनीहरू भड्किएको आरोप लगाएका छन्। उनीहरूले हस्ताक्षर भइसकेपछि विवाद सुरु गरेको बताएका छन्। हस्ताक्षर समारोहमा 'जेन-जी'को तर्फबाट नेपाल 'जेन-जी' फ्रन्ट (रक्षा बमको समूह), काउन्सिल अफ 'जेन-जी' (सुदन गुरुङको समूह) र 'जेन-जी' मुभमेन्ट अलायन्सका 'जेन-जी'हरू, घाइते 'जेन-जी', सहिद परिवारलगायतको उपस्थिति रहेको थियो।

# संविधान लिकमा ल्याउन चुनाव अपरिहार्य : पाण्डे

**गोरखा।** बाग्मती प्रदेशका पूर्वमुख्यमन्त्री एवं नेपाली कम्युनिष्ट पार्टीका नेता राजेन्द्र पाण्डेले संविधानलाई लिकमा ल्याउन निर्वाचन अपरिहार्य रहेको धारणा व्यक्त गरेका छन्।

नेपाली कम्युनिष्ट पार्टी गोरखाले आज सदरमुकाममा आयोजना गरेको जिल्लास्तरीय एकता सन्देशसभालाई सम्बोधन गर्दै उनले तोकिएको मितिमा निर्वाचन हुनुपर्नेमा जोड दिएका हुन्। 'संविधान अहिले लिकबाट बाहिर पुगेको अवस्था छ, तर चुनाव सम्पन्न भएपछि संविधान पूर्णरूपमा लिकमा फर्किनेछ' उनको भनाइ थियो 'संसद् पुनःस्थापनाले देशलाई फेरि अर्को द्वन्द्वमा धकेल्ने सम्भावना रहेकाले निर्वाचनमार्फत नै संविधानलाई सही ट्र्याकमा हिँडाउन आवश्यक छ।'

अहिलेको जटिल राजनीतिक परिस्थितिमा बृहत कम्युनिस्ट एकता अपरिहार्य भएको बताउँदै उनले पार्टी एकताका क्रममा आएका विभिन्न आरोपप्रति प्रतिक्रिया जनाउँदै एमाले फुटाएर माओवादीसँग एकता गर्न खोजिएको वा माओवादीले विचार छाडेको जस्ता टिकाटिप्पणीहरू निराधार रहेको खुलस्त पारे। पार्टी एकताको मूल आधार मार्क्सवाद-लेनिनवादको मार्गदर्शनमा आधारित नेपाली मौलिकताको समाजवाद भएको उनको भनाइ थियो।

प्रकाशकः कोसेली मिडिया सपोर्ट प्रा.लि. सम्पादक : सानु राय (गौतम) [९८४९६००२०९] बजार व्यवस्थापक : माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]

कार्यालय : जोरपाटी, काठमाडौं फोन : ९८४७३९५३८६ इमेल : janajibro.news@gmail.com वेबसाइट : www.janajibro.com मुद्रण : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं